# प्रादेशिक आर्थिक गतिविधि अध्ययन

(बागमती प्रदेश)

## वार्षिक प्रतिवेदन

(आ.व.२०७७/७८)




नेपाल राष्ट्र बैंक

आर्थिक अनुसन्धान विभाग

# भूमिका

आर्थिक स्थायित्व, अर्थतन्त्रको दिगो विकासका लागि मूल्य तथा शोधनान्तर स्थिरता र वित्तीय क्षेत्र स्थायित्व कायम गर्नु नेपाल राष्ट्र बैंकको  उद्देश्य रहेको छ। यी उद्देश्य हासिल गर्न बैंकले मौद्रिक, वित्तीय र विदेशी विनिमय नीति तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। तथ्यमा आधारित नीति निर्माणका लागि बैंकले अर्थतन्त्रका विभिन्न विषयमा अध्ययन, अनुसन्धान गरी प्रतिवेदन प्रकाशन गर्दै आएको छ। बैंकले गर्ने अध्ययन अनुसन्धानको लागि कृषि, उद्योग र सेवा क्षेत्रका निकायबाट आवश्यक तथ्याङ्क तथा विवरणहरु संकलन/प्रशोधन गर्ने गर्दछ।

वास्तविक क्षेत्रको आर्थिक अवस्था तथा समस्या पहिचान गरी आवश्यकता अनुरुप नीति तथा कार्यक्रम तर्जुमा गर्न बैंकले नियमित रुपमा आर्थिक गतिविधिको अध्ययन प्रतिवेदन तयार गर्ने गरेको छ। मुलुकमा संघीयताको कार्यान्वयनसँगै प्रशासनिक स्वरुपमा आएको परिवर्तनका कारण प्रादेशिक रुपमा आर्थिक गतिविधिको अध्ययन तथा आवश्यक सल्लाह प्रदान गर्नुपर्ने आवश्यकता महसुस भएकोले "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन-२०७०" परिमार्जन गरी "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६" अनुसार अध्ययन प्रतिवेदन तयार पार्न थालिएको छ। उक्त मार्गदर्शनमा व्यवस्था भएअनुसार आर्थिक वर्ष २०७७/७८ देखि ७७ वटै जिल्लाहरूको आर्थिक तथा वित्तीय अवस्थालाई समेटी प्रादेशिक रुपमा प्रतिवेदन तयार गरी प्रकाशन गर्न शुरु गरिएको छ। उक्त मार्गदर्शनको व्यवस्था बमोजिम आर्थिक अनुसन्धान विभागले बागमती प्रदेशको १३ जिल्ला समेटी यो प्रतिवेदन तयार गरेको हो।

स्थलगत सर्वेक्षणका माध्यमबाट कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरूको आर्थिक वर्ष २०७७/७८ को वार्षिक तथ्याङ्क जिल्लागत रूपमा संङ्कलन/प्रशोधन गरी यो प्रतिवेदन तयार पारिएको छ। जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा प्रदेशको समग्र अवस्था प्रस्तुत गरिएको छ भने सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा बाँकी अवधिको परिदृश्य चित्रण गरिएको छ।

प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरूप्रति आभार प्रकट गर्दछु।  प्रतिवेदन तयार पार्न संयोजन गर्नु हुने निर्देशक श्री माधव दंगाललाई विशेष धन्यवाद ज्ञापन गर्दछु। यसैगरी यो प्रतिवेदन तयार पार्न संलग्न हुनु हुने आर्थिक विकास शाखाका उप-निर्देशकहरू श्री अवन्तिका रिमाल, श्री प्रेम प्रसाद आचार्य र श्री जनकराज सापकोटा, सहायक निर्देशक श्री प्रतिभा थापा, श्री उदयराज पौडेल र श्री एलिशा मानन्धर तथा सहायक श्री रोहन ब्यञ्जनकारसमेत धन्यवादका पात्र हुनुहुन्छ।

**डा. प्रकाशकुमार श्रेष्ठ**

**कार्यकारी निर्देशक**

**आर्थिक अनुसन्धान विभाग**

# विषय-सूची


| | | | पेज नं. |
|---|---|---|---|
| **सारांश** | | | क |
| **परिच्छेद १** | **प्रदेशको तुलानात्मक स्थिति** | | |
| | १.१ | राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | १ |
| | १.२ | अन्तरप्रदेश तुलना | १ |
| | १.३ | प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | ३ |
| **परिच्छेद २** | **कृषि क्षेत्र** | | |
| | २.१ | कृषिउपजले ढाकेको भू-क्षेत्र | ५ |
| | २.२ | कृषि उत्पादन | ६ |
| | २.३ | पशुपंन्क्षी, माछा तथा वनजन्य उत्पादन | ८ |
| | २.४ | सिँचाइ तथा मौसम | ११ |
| | २.५ | क्षेत्रगत कृषिकर्जा | १४ |
| | २.६ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १४ |
| **परिच्छेद ३** | **उद्योग क्षेत्र** | | |
| | ३.१ | उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी | १६ |
| | ३.२ | क्षेत्रगत  औद्योगिक कर्जा | १७ |
| | ३.३ | औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | १८ |
| **परिच्छेद ४** | **सेवा क्षेत्र** | | |
| | ४.१ | पर्यटन | २० |
| | ४.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २१ |
| | ४.३ | वित्तीय सेवा | २२ |
| | ४.४ | शिक्षा | २३ |
| | ४.५ | स्वास्थ्य | २३ |
| | ४.६ | यातायात | २४ |
| | ४.७ | सञ्चार क्षेत्र | २४ |
| | ४.८ | सेवा क्षेत्र कर्जा | २४ |
| | ४.९ | सहकारी | २५ |
| | ४.१० | सरकारी वित्त | २६ |
| | ४.११ | सेवा क्षेत्रको चुनौती र सम्भावना | २६ |
| **परिच्छेद ५** | **पूर्वाधार र रोजगारी** | | |
| | ५.१ | पूर्वाधार क्षेत्र | २९ |
| | ५.२ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ३२ |
| | ५.३ | रोजगारी | ३३ |
| | ५.४ | रोजगारीका चुनौती र सम्भावना | ३४ |
| **परिच्छेद ६** | **आर्थिक परिदृष्य** | | |
| | ६.१ | कृषि उत्पादन | ३५ |
| | ६.२ | औद्योगिक उत्पादन | ३५ |
| | ६.३ | सेवा क्षेत्र | ३५ |
| | ६.४ | पूर्वाधार क्षेत्र | ३५ |

# सारांश

बागमती प्रदेशका १३ वटा जिल्लाहरूको स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा सूचनाको आधारमा तयार गरिएको आर्थिक वर्ष २०७७/७८ को वार्षिक अध्ययन प्रतिवेदनको सार-सङ्क्षेप निम्नानुसार प्रस्तुत गरिएको छ :

## कृषि

१. समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्र ०.२ प्रतिशतले घटेको छ भने यस्ता बालीको उत्पादन ०.७ प्रतिशतले घटेको छ।

२. प्रमुख खाद्यान्न बालीमध्ये समीक्षा वर्षमा मकै उत्पादन २.० प्रतिशतले र धान उत्पादन ०.१ प्रतिशतले घटेको छ भने कोदो उत्पादन १.४ प्रतिशतले बढेको छ।।

३. समीक्षा वर्षमा तरकारी उत्पादन १.९ प्रतिशतले बढेको छ। पशुजन्य उत्पादन अन्तर्गत दूध उत्पादन ६.२ प्रतिशत, मासु उत्पादन ७.६ प्रतिशत र अण्डाको उत्पादन १८.१ प्रतिशतले बढेको छ।

४. समीक्षा वर्षमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाबाट ४.२ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह भएको छ।

## उद्योग

५. समीक्षा वर्षमा यस प्रदेशका अध्ययन नमुनामा समेटिएका उद्योगको क्षमता उपयोग औसतमा ४६.४ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्ता उद्योगको क्षमता उपयोग औसतमा ३७.९ प्रतिशत रहेको थियो।

६. औद्योगिक उत्पादनमध्ये पशुदाना उत्पादन १६.४ प्रतिशत, विस्कुट उत्पादन ३४.९ प्रतिशत, चाउचाउ उत्पादन २३.२ प्रतिशत, हल्का पेय पदार्थ १८.७ प्रतिशत, चुरोट उत्पादन ८.५ प्रतिशत, पश्मिना उत्पादन ४.० प्रतिशत, गार्मेण्ट उत्पादन १९.० प्रतिशत, रंग उत्पादन ५४.९ प्रतिशत, साबुन उत्पादन ४५.१ प्रतिशत र कंक्रिट उत्पादन ५१.६ प्रतिशत र कपडाको जुत्ता उत्पादन ३२.५ प्रतिशतले बढेको छ भने प्रशोधित दूध उत्पादन ११.० प्रतिशत र वियर उत्पादन ११.४ प्रतिशतले घटेको छ।

७. बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको औद्योगिक कर्जा कुल प्रवाहित कर्जाको ३७.७ प्रतिशत रहेको छ।

## सेवा

८. कोभिड-१९ संक्रमणबाट उत्पन्न भएको असहज परिस्थितिका कारण पर्यटन क्षेत्रमा गहिरो असर पुगेको छ। अन्तर्राष्ट्रिय पर्यटक आगमन ठप्प प्रायः रहेको तथा आन्तरिक आवागमनमा समेत असर परेको कारण पर्यटन क्षेत्र प्रभावित भएको छ। यस प्रदेशमा रहेका ठूला होटलहरूको अकुपेन्सी न्यून रहेको छ।

९. घरजग्गा रजिष्ट्रेशन सङ्ख्या ३९.० प्रतिशतले तथा रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व ५८.८ प्रतिशतले बढेको छ।

१०. बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा परिचालन गरेको निक्षेप २०७७ असार मसान्तको तुलनामा २०७८ असारमा १९.३ प्रतिशतले र कर्जा प्रवाह २८.५ प्रतिशतले वृद्धि भएको छ। कर्जा-निक्षेप अनुपात औसतमा ७३.३ प्रतिशत रहेको छ।

११. समीक्षा वर्षमा यस प्रदेशमा यातायात साधन सङ्ख्या १३.५ प्रतिशतले वृद्धि भएको छ ।

# परिच्छेद १ : प्रदेशको तुलनात्मक स्थिति

नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभागले आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.४२ खर्ब ६६ अर्ब पुग्ने अनुमान गरेको छ।  अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान घट्दै गएको देखिन्छ भने सेवा क्षेत्रको योगदान बढदै गएको देखिन्छ। आर्थिक वर्ष २०६७/६८ मा कृषि र सेवा क्षत्रको योगदान ३३.४ प्रतिशत र ५१.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा कृषि र सेवा क्षेत्रको योगदान २५.८ प्रतिशत र ६१.१ प्रतिशत रहने अनुमान छ। उद्योग क्षेत्रको योगदान भने विगत १० वर्षमा स्थिर प्रायः रहेको देखिन्छ।

## १.१ राष्ट्रिय अर्थतन्त्रमा बागमती प्रदेशको क्षेत्रगत हिस्सा

यस प्रदेशको जनसंख्या अन्य प्रदेश भन्दा बढी रहेको, संघीय राजधानी यसै प्रदेशमा रहेको, अधिकाँश उद्योगहरु यसै प्रदेशमा रहेको जस्ता कारणले अन्य प्रदेशभन्दा यस प्रदेशमा उत्पादन र रोजगारी उच्च रहने गरेको छ। केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७/७८ मा बागमती प्रदेशको आर्थिक वृद्धिदर ४.७ प्रतिशत रहेको छ। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.१६ खर्ब ४ अर्ब पुगेको अनुमान छ। समीक्षा वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ११.८ प्रतिशत, १०.८ प्रतिशत र ७७.४ प्रतिशत रहेको छ। विभागको प्रारम्भिक तथ्याङ्क अनुसार समीक्षा वर्षमा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा बागमती प्रदेशको अंश क्रमशः १६.८ प्रतिशत, ३०.५ प्रतिशत र ४६.७ प्रतिशत रहेको छ।

## १.२ अन्तर प्रदेश तुलना

केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरुको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०७७/७८ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै ३७.७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.० प्रतिशत रहेको छ। वृहत आर्थिक वर्गीकरण अनुसार कृषि क्षेत्रको उत्पादनमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा धेरै २१.५ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.२ प्रतिशत रहेको छ। औद्योगिक उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३६.० प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ०.९ प्रतिशत रहेको छ। यसैगरी थोक तथा खुद्रा व्यापार; मोटर गाड़ी तथा मोटर साईकल मर्मत, यातायात तथा भण्डारण, घरजग्गा कारोबार र वित्तीय मध्यस्थता जस्ता सेवा क्षेत्रको प्रमुख आर्थिक सूचकहरूमा बागमती प्रदेशको हिस्सा क्रमशः ५६.५ प्रतिशत, ४७.२ प्रतिशत, ६७.६ प्रतिशत र ६३.५ प्रतिशत रहेको छ (तालिका १.१)।


आर्थिक वर्ष २०७७/७८ मा ११८३३ थप रोजगारी प्रदान गर्ने उद्देश्यले रु.१५६.६ अर्बको कुल पुँजी लगानीमा २०३ नयाँ उद्योग दर्ता भएका छन्। जसमध्ये ४३.८ प्रतिशत उद्योग बागमती प्रदेशमा दर्ता भएको देखिन्छ भने कर्णाली प्रदेशमा उद्योग दर्ता भएको देखिदैन। कुल रोजगारीको ४०.७ प्रतिशत रोजगारी बागमती प्रदेशमा रहेको छ भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेश ५.१ प्रतिशत रहेको छ (चार्ट १.१)।

**तालिका १.१: औद्योगिक वर्गीकरणको आधारमा प्रदेशगत स्थिति**
**(आर्थिक वर्ष २०७७/७८)**

| औद्योगिक वर्गीकरण | प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| कृषि, वन र माछापालन | २१.५ | १९.९ | १६.८ | ९.५ | १७.४ | ५.२ | ९.६ | १००.० |
| औद्योगिक उत्पादन | २१.७ | १४.१ | ३६.० | ५.८ | १६.१ | ०.९ | ५.५ | १००.० |
| निर्माण | १८.३ | ९.९ | २५.४ | १३.५ | १७.५ | ५.७ | ९.६ | १००.० |
| थोक तथा खुदरा व्यापार; मोटर गाड़ी तथा मोटर साईकल मर्मत | १०.४ | १२.२ | ५६.५ | ५.१ | १०.१ | १.७ | ४.० | १००.० |
| यातायात तथा भण्डारण | १२.७ | १२.९ | ४७.२ | ७.१ | १४.९ | १.६ | ३.५ | १००.० |
| घरजग्गा कारोबारको सेवा | १२.६ | ४.२ | ६७.६ | ५.३ | ७.४ | ०.८ | २.१ | १००.० |
| सार्वजनिक प्रशासन तथा रक्षा | १५.० | १४.३ | १८.० | १२.१ | १६.८ | ११.१ | १२.७ | १००.० |
| शिक्षा | १५.६ | १६.५ | २१.२ | ९.६ | १७.६ | ७.८ | ११.७ | १००.० |
| विद्युत, ग्यास, वाष्प तथा वातानुकुलित आपूर्ति सेवा | २०.० | ६.० | ३२.६ | २८.६ | ७.३ | १.१ | ४.४ | १००.० |
| वित्तीय मध्यस्थता | ९.० | ६.७ | ६३.५ | ७.४ | १०.० | ०.९ | २.४ | १००.० |
| अन्य | १४.७ | ११.३ | ३९.९ | १०.८ | १३.५ | ४.० | ५.९ | १००.० |
| **कुल गार्हस्थ्य उत्पादन** | **१५.६** | **१३.२** | **३७.७** | **८.७** | **१४.०** | **४.०** | **६.९** | **१००.०** |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग ।*


**चार्ट १.१: प्रदेशगत उद्योग दर्ताको स्थिति**
**(आर्थिक वर्ष २०७७/७८)**




*स्रोत: उद्योग विभाग, २०७८*

**चार्ट १.२: उद्योग दर्ता र रोजगारीमा प्रदेशगत हिस्सा**

**(आर्थिक वर्ष २०७७/७८)**




*स्रोत: उद्योग विभाग, २०७८*

## १.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### १.३.१ प्रादेशिक क्षमता र सम्भावना

- राष्ट्रिय कृषि अनुसन्धान परिषद, मकै बाली अनुसन्धान कार्यक्रम, चरन तथा घाँसेबाली अनुसन्धान केन्द्र, राष्ट्रिय गाई अनुसन्धान कार्यक्रम, पहाडी बाली अनुसन्धान कार्यक्रम लगायतका कृषिलाई प्रोत्साहन गर्ने संस्था र कार्यक्रम यसै प्रदेशमा रहेकोले कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण र विविधीकरण गर्न सकिने उच्च सम्भावना रहेको छ ।
- काठमाडौ उपत्यका, चितवन लगायतका ठूला शहरहरुमा जनघनत्व उच्च रहेको तथा यातायातको चाप अधिक रहेकोले मोनोरेल, ट्रली, विद्युतीय गाडी तथा चार्जिङ स्टेसन लगायतका पूर्वाधारहरुको विकास गरी विद्युतको खपत बढाउन सकिने सम्भावना रहेको छ ।
- नेपालको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल यसै प्रदेशमा रहेको र अन्य प्रदेशको तुलनामा सबैभन्दा बढी पर्यटकीय सुबिधा रहेको सन्दर्भमा सांस्कृतिक, जैविक, साहसिक पर्यटक (र्‍याफ्टिङ, प्याराग्याइडिङ, क्यानोनिङ, कायाकिङ) र हिमाल पदमार्गको (गणेश हिमाल पदमार्ग, लाङटाङ-जुगल हिमाल पदमार्ग) प्रोत्साहन गरी पर्यटनको गन्तव्य विविधीकरण र बसाई अवधि लम्बाउन सकिने सम्भावना रहेको छ ।
- जनघनत्व उच्च रहेको र सहरीकरणको क्रम तीव्र रहेकोले अनलाइन व्यापार, खाद्य तथा दूध प्रशोधन उद्योग, कोल्ड स्टोर जस्ता साना तथा मझौला उद्योगहरूको सम्भावना उच्च रहेको छ ।
- प्रादेशिक बजेट मुलतः खाद्यान्नको उत्पादन बढाउने, रोजगारी सिर्जना गर्ने, सार्वजनिक सेवा प्रवाहमा सुधार गर्ने तथा भौतिक पूर्वाधारमा लगानी गर्नेतर्फ केन्द्रित रहेकोले कृषि, उद्योग र पूर्वाधार क्षेत्रको विकास हुने सम्भावना रहेको छ ।

- यस प्रदेशको जनसङ्ख्या अन्य प्रदेशको तुलनामा बढी रहेकोले यस प्रदेशमा समग्र कृषि, उद्योग, बाणिज्य, वित्तीय, पर्यटन क्षेत्रको माग अन्य प्रदेशको भन्दा धेरै रहेको छ । औद्योगिक विकास तथा पर्यटकीय गतिविधिमा यो प्रदेश अग्र स्थानमा रहेको छ ।
- संघीय राजधानी काठमाडौंमा तरकारीको माग अधिक रहेकोले नजिक रहेका जिल्लाहरु चितवन, मकवानपुर, धादिङ, नुवाकोट, काभ्रेमा तरकारी उत्पादन गरी काठमाडौमा बेच्न सकिने सम्भावना रहेको । यी जिल्लाहरुलाई तरकारी पकेट क्षेत्र घोषणा गरी उत्पादन बढाउन सकेमा किसानको आय आर्जन बढ्ने, थप रोजगारी सिर्जना हुने तथा कृषि बस्तुको आयात समेत घटाउन सकिने सम्भावना रहेको छ ।
- विश्व सम्पदा सूचीमा सूचीकृत रहेका विश्वका ६३० क्षेत्रहरूमध्ये नेपालमा १० क्षेत्र पर्दछन् । जसमध्ये बागमती प्रदेशमा मात्र चाँगुनारायण मन्दिर, भक्तपुर दरवार, स्वयम्भूनाथ स्तूपा, पशुपतिनाथ मन्दिर, पाटन दरवार, हनुमानढोका दरवार, बौद्धनाथ महाचैत्य र चितवन राष्ट्रिय निकुन्ज गरी ८ वटा विश्व सम्पदा सूचीमा परेका क्षेत्र यही प्रदेशभित्र रहेका छन् । हवाई यात्राबाट आउने पर्यटकहरु यसै प्रदेश हुँदै अरु प्रदेशमा जाने गर्दछन् ।
- नेपाल सरकारले आर्थिक वर्ष २०७८/७९ देखि कर्मचारीलाई १० दिने भत्तासहितको भ्रमणकाज दिने व्यवस्थाले आन्तरिक पर्यटकीय गतिविधिमा वृद्धि भई पर्यटन व्यवसाय प्रवर्द्धनमा टेवा पुग्ने सम्भावना रहेको छ ।
- बागमती प्रदेशमा स्थापना भएका केबलकारहरू (चन्द्रागिरी, मनकामना, कालिञ्चोक) र जिपलाइनहरू ( चन्द्रागिरी, धुलिखेल, नुवाकोट)ले यस प्रदेशको पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको छ। अन्य धेरै स्थानहरूमा यस्ता पूर्वाधारहरू सञ्चालन गर्न सकिने भएकोले अरू यस्ता ठाउँहरू पहिचान गरी पर्यटन पूर्वाधार निर्माण गर्न सकिने सम्भावना रहेको छ ।
- माथिल्लो तामाकोशी जलविद्युत आयोजना, मेलम्ची खानेपानी आयोजना, नागढुंगा नौविसे सुरूङ मार्ग जस्ता निर्माणधीन पूर्वाधारहरू सम्पन्न भएमा यस प्रदेशको आर्थिक गतिविधिहरू बढ्ने सम्भावना रहेको छ ।
- धादिङमा हुवासीन सिमेन्टको उत्पादन शुरू हुने भएकोले सिमेन्टको मूल्यमा सकारात्मक असर परी यस प्रदेशको पूर्वाधार निर्माणमा सहयोग पुग्ने देखिन्छ ।

### १.३.२ प्रादेशिक चुनौती

- अर्बौंको क्षति पुग्ने गरी सिन्धुपाल्चोक जिल्लामा आएको बाढीले हेलम्बु, ग्यालथुम, तालामारङ, मेलम्ची बजार क्षेत्रका वन, पुल, बाटो, पार्क, होटल, रिर्सोट लगायतको भौतिक संरचनामा क्षति पु¥याएको छ । यस प्रकोपले खेती योग्य जमिन, मेलम्ची खानेपानी आयोजना, पशुपालन, माछापालन तथा अन्य व्यवसायमा समेत नराम्ररी क्षति पु¥याएको छ । यसलाई यथास्थितिमा फर्काउनु चुनौतीपूर्ण रहेको छ ।
- उपत्यका तथा आसपासका सहरहरुमा सडक मर्मत, ढल व्यवस्थापन, प्रदुषण नियन्त्रण, पूर्वाधारयुक्त व्यवस्थित बस्ती विकास, ट्राफिक व्यवस्थापन र पहाडी इलाकामा बाढी, पहिरो लगायतका समस्या समाधान गर्नु चुनौतीपूर्ण रहेको छ ।
- अरू प्रदेशको तुलनामा बागमती प्रदेशको जनसंख्या धेरै रहेको र अव्यवस्थित सहरीकरणका कारण कृषि भूमि मासिँदै गईरहेको छ । यसरी मासिँदै गइरहेको कृषि भू-क्षेत्रलाई संरक्षण गरी व्यवसायिक कृषि उत्पादनलाई प्रवर्द्धन गर्नु र बाँझो जमीनलाई सदुपयोग गर्नु चुनौतीपूर्ण रहेको छ ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको नियमित मर्मतसम्हार र व्यवस्थापन गरी सुविधायुक्त बनाउने तथा बुटिक एयरपोर्टका रूपमा विमानस्थललाई व्यवस्थित पार्ने काम चुनौतीपूर्ण रहेको छ ।
- अन्तर्राष्ट्रिय व्यापारमा दोस्रो ठूलो मुलुकको रुपमा रहेको चीनतर्फको नाकामा पारवहनमा समस्या रहेको छ। भूकम्प पश्चात तातोपानी नाकामा बेला बेलामा समस्या देखिने गरेकोले रसुवागढी नाकाबाट व्यापार वृद्धि भएको थियो। नुवाकोटदेखि रसुवासम्मको बाटो सुविधायुक्त नहुनु, कोभिडको कारण बेलाबेला नाका बन्द हुनु लगायतका कारण चीनबाट समान ल्याउन अत्यधिक समय लाग्ने समस्या रहेको छ ।

# परिच्छेद २: कृषि क्षेत्र


## २.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७७/७८ मा यस प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल ०.५ प्रतिशतले बढेको छ। गत वर्ष यस्तो क्षेत्रफल २.४ प्रतिशतले बढेको थियो।

**खाद्य तथा अन्यबाली** : आर्थिक वर्ष २०७७/७८ मा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल ०.२ प्रतिशतले घटेको छ भने गत वर्ष यस्तो क्षेत्रफल २.१ प्रतिशतले बढेको थियो।

समीक्षा वर्षमा धान बालीले ढाकेको क्षेत्रफल २.३ प्रतिशत, कोदो बालीको १.७ प्रतिशत, फापर बालीको २१.४ प्रतिशत, भटमास बालीको २.८ प्रतिशत र दलहन बालीले ढाकेको क्षेत्रफल १.६ प्रतिशतले बढेको छ भने मकै बालीले ढाकेको क्षेत्रफल २.७ प्रतिशत, गहुँ बालीको ०.५ प्रतिशत, जौ बालीले ढाकेको क्षेत्रफल ११.७ प्रतिशत, उखु बालीको ८.६ प्रतिशत र तेलहन बालीको ०.९ प्रतिशतले घटेको छ।

**चार्ट २.१ : प्रमुख खाद्यान्न बालीहरूले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा)**




*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय; कृषि ज्ञान केन्द्रहरू, कृषि विकास निर्देशनालय।*

**तरकारी :** समीक्षा वर्षमा तरकारी बालीले ढाकेको क्षेत्रफल २.३ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा उक्त क्षेत्रफल ०.८ प्रतिशतले बढेको थियो।

**फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल ६.१ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा यस्तो बालीले ढाकेको क्षेत्रफल १२.४ प्रतिशतले बढेको थियो।

**तालिका २.१: कृषि उपजले ढाकेको भू–क्षेत्र**

| जिल्ला | क्षेत्रफल (हेक्टर) | | | जिल्लागत हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल तथा मसला |
| **दोलखा** | २२१३९ | २५५२ | ११७१ | ४.१ | २.३ | २.९ |
| **सिन्धुपाल्चोक** | ७४३७७ | ३८३७ | २७०६ | १३.८ | ३.४ | ६.७ |
| **रसुवा** | ८२८६ | १६६१ | ९६३ | १.५ | १.५ | २.४ |
| **धादिङ** | ४८८४५ | ७०६१ | २३९६ | ९.१ | ६.३ | ६.० |
| **नुवाकोट** | ४९६७९ | ६५५२ | २४१३ | ९.२ | ५.९ | ६.० |
| **काठमाडौं** | १८२३३ | २०७० | २१८ | ३.४ | १.९ | ०.५ |
| **भक्तपुर** | ९६२९ | ३२५८ | ५२८ | १.८ | २.९ | १.३ |
| **ललितपुर** | २०४५६ | ३१३६ | ७६६ | ३.८ | २.८ | १.२ |
| **काभ्रेपलाञ्चोक** | ६६४०२ | ९९६८ | ४४७७ | १२.४ | ८.९ | ११.१ |
| **रामेछाप** | ४३७०४ | ११०१ | २१८५ | ८.१ | १.० | ५.४ |
| **सिन्धुली** | ६७८४४ | ३३५८ | ७७९७ | १२.६ | ३.० | १९.५ |
| **मकवानपुर** | ४७५८० | ५९८४४ | ११४२५ | ८.९ | ५३.६ | २८.४ |
| **चितवन** | ६०१५७ | ७२५२ | ३१८३ | ११.२ | ६.५ | ८.० |
| **जम्मा** | **५३७३३१** | **१११६५०** | **४०२२८** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय; कृषि ज्ञान केन्द्रहरू; कृषि विकास निर्देशनालय।*


खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा सिन्धुपाल्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी १३.८ प्रतिशत र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम १.५ प्रतिशत रहेको छ (तालिका २.१) । तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा मकवानपुर जिल्लाको हिस्सा सबैभन्दा बढी (५३.६ प्रतिशत) र रामेछाप जिल्लाको हिस्सा सबैभन्दा कम (१.० प्रतिशत) रहेको छ। यसैगरी, फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमा मकवानपुर जिल्लाका हिस्सा सबैभन्दा बढी (२८.६ प्रतिशत) र काठमाडौं जिल्लाको हिस्सा सबैभन्दा कम (०.५ प्रतिशत) रहेको छ ।

## २.२ कृषि उत्पादन

समीक्षा वर्षमा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन ०.१ प्रतिशतले बढेको छ भने खाद्य तथा अन्य बालीको उत्पादन ०.७ प्रतिशतले घटेको छ। गत वर्ष समग्र कृषि बालीको उत्पादन ०.७ प्रतिशतले घटेको थियो भने खाद्य तथा अन्य बालीको उत्पादन १.६ प्रतिशतले बढेको थियो।

**खाद्य तथा अन्य बाली** : समीक्षा वर्षमा कोदो उत्पादन १.४ प्रतिशत, फापर उत्पादन ७.४ प्रतिशत, आलु उत्पादन ०.२ प्रतिशतले बृद्धि भएको छ भने धान उत्पादन ०.१ प्रतिशत, मकै उत्पादन २.० प्रतिशत, गहुँ उत्पादन १.४ प्रतिशत, जौं उत्पादन १.१ प्रतिशत, उखु उत्पादन ४.६ प्रतिशत, भटमास उत्पादन १.४ प्रतिशत, दलहन उत्पादन ९.१ प्रतिशत र तेलहन बालीको उत्पादन १.३ प्रतिशतले घटेको छ। गत वर्ष मकै उत्पादन ५.५ प्रतिशत, गहुँ उत्पादन ३.२ प्रतिशत, कोदो उत्पादन ६.९ प्रतिशत, जौ उत्पादन १४.० प्रतिशत, फापर उत्पादन २.४ प्रतिशत, भटमास उत्पादान ३२.१ प्रतिशत, दलहन उत्पादन ५.२ प्रतिशत र तेलहन उत्पादन २.४ प्रतिशतले बढेको थियो भने धान उत्पादन २.२ प्रतिशत र उखुको उत्पादन २६.९ प्रतिशतले घटेको थियो। आर्थिक वर्ष २०७७/७८ मा यस प्रदेशमा भएको खाद्य तथा अन्य बालीको उत्पादनमा आलु उत्पादनको हिस्सा ३२.५ प्रतिशत, मकै उत्पादनको हिस्सा २९.१ प्रतिशत र धान उत्पादनको हिस्सा २४.० प्रतिशत रहेको छ।

**चार्ट २.२ : प्रमुख खाद्यान्न बालीहरुको उत्पादन स्थिति (हजार मे.टनमा)**




*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय; कृषि ज्ञान केन्द्रहरू, कृषि विकास निर्देशनालय।*

**तरकारी :** समीक्षा वर्षमा तरकारीको उत्पादन १.९ प्रतिशतले बढेको छ (चार्ट २.२)। गत वर्षको सोही अवधिमा तरकारी उत्पादन ६.० प्रतिशतले घटेको थियो।

**फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल तथा मसलाको समग्र उत्पादन २.५ प्रतिशतले बढेको छ। स्याउ उत्पादन ६१.४ प्रतिशत, मसलाको उत्पादन १०.९ प्रतिशत, चिया उत्पादन ७४.२ प्रतिशत र अन्य फलफूलको उत्पादन ३.५ प्रतिशतले बढेको छ भने सुन्तला उत्पादन १०.६ प्रतिशत, कफी उत्पादन ८.६ प्रतिशत र आँपको उत्पादन ४.८ प्रतिशतले घटेको छ। गत वर्ष आँप उत्पादन ३३.८ प्रतिशत, केरा उत्पादन ४.७ प्रतिशत, चिया उत्पादन ५९.८ प्रतिशत र कफी उत्पादन ७.४ प्रतिशतले बढेको थियो भने सुन्तला उत्पादन ०.८ प्रतिशत, स्याउ उत्पादन ३.९ प्रतिशत, मसला उत्पादन ३.४ प्रतिशत र अन्य फलफूल उत्पादन ११.२ प्रतिशतले घटेको थियो।

यस प्रदेशमा आर्थिक वर्ष २०७७/७८ को कुल फलफूल तथा मसलाको उत्पादनमा मसला (अदुवा, वेसार आदि) उत्पादनको हिस्सा २३.० प्रतिशत रहेको छ भने चिया उत्पादनको हिस्सा ०.१ प्रतिशत रहेको छ। यसैगरी, फलफूलमध्ये सुन्तला उत्पादनको हिस्सा कुल फलफूल तथा मसला उत्पादनको १९.५ प्रतिशत रहेको छ भने स्याउ उत्पादनको हिस्सा कुल फलफूल तथा मसला उत्पादनको ५.२ प्रतिशत रहेको छ।

खाद्य तथा अन्य बालीको उत्पादनमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी १७.१ प्रतिशत र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम २.५ प्रतिशत रहेको छ (तालिका २.२)। तरकारी तथा बागवानी उत्पादनमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी २३.९ प्रतिशत र मकवानपुर जिल्लाको हिस्सा सबैभन्दा कम ०.५ प्रतिशत रहेको छ। यसैगरी, फलफूल तथा मसला बालीको उत्पादनमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी २९.२ प्रतिशत रहेको छ भने काठमाडौं जिल्लाको हिस्सा सबैभन्दा कम ०.४ प्रतिशत रहेको छ ।

**बक्स १: चिया खेती**

आर्थिक वर्ष २०७७/७८ मा बागमती प्रदेशमा समग्र चिया बालीले ढाकेको क्षेत्रफल ३२५ हेक्टर रहेको छ। आ.व.२०७७/७८ को तथ्याङ्क अनुसार यस प्रदेशमा चिया बालीले ढाकेको क्षेत्रफल सबैभन्दा बढी सिन्धुपाल्चोक जिल्लामा (८५ हेक्टर) र सबैभन्दा कम चितवन जिल्लामा (१ हेक्टर) रहेको छ। रसुवा, धादिङ्ग, काठमाडौं, भक्तपुर र मकवानपुरमा भने चिया खेती हुने गरेको छैन। यस प्रदेशमा आ.व. २०७७/७८ मा ३६.१७ मेट्रिक टन चिया उत्पादन भएको छ। त्यसैगरी यस प्रदेशमा कुल ९ वटा व्यवसायिक चिया फर्म र ४९४ व्यवसायिक चिया कृषकहरु रहेका छन्।

**चिया खेतीमा देखा परेका समस्याहरु**

- गुणस्तरमा एकरुपता नहुँदा बजारीकरणमा समस्या भएको।
- साना कृषकले हरियो चियाको मूल्य नपाउने समस्या रहेको।
- निर्यात प्रक्रिया झन्झटिलो रहेको।
- श्रमिकको अभाव रहेको।

**चिया खेतीमा देखा परेका सम्भावनाहरु**

- अन्तर्राष्ट्रिय बजारमा गुणस्तरीय चियाको माग उच्च रहेको।
- नेपालबाट निर्यात हुने प्रमुख नगदे बालीको रुपमा चिया खेतीको विकास गर्न सकिने सम्भावना रहेको।
- विविध मूल्य शृंखलाबाट रोजगारी सृजना भएको।

*स्रोत: राष्ट्रिय चिया तथा कफी बोर्ड*

**तालिका २.२: कृषि बालीको उत्पादन**

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | जिल्लागत हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल तथा मसला |
| दोलखा | १०१८११ | ३११२५ | ३९५० | ४.८ | ४.५ | १.६ |
| सिन्धुपाल्चोक | २३१४६५ | ४३६१४ | १९०३४ | १०.९ | ६.४ | ७.८ |
| रसुवा | ५४२०८ | ११९४० | ५२७९ | २.५ | १.७ | २.२ |
| धादिङ | १६९२२८ | ८३५८१ | २०६८५ | ८.० | १२.२ | ८.४ |
| नुवाकोट | २३६०८६ | ५९४२८ | १६६०० | ११.१ | ८.७ | ६.८ |
| काठमाडौं | ११६४९० | ४९७०६ | १०९० | ५.५ | ७.३ | ०.४ |
| भक्तपुर | ६२३०२ | ५८५५५ | २८४६ | २.९ | ८.६ | १.२ |
| ललितपुर | ८४५३१ | ५०५४४ | ४९२२ | ४.० | ७.४ | २.० |
| काभ्रेपलाञ्चोक | ३६३०८० | १६३६६७ | २८९३४ | १७.१ | २३.९ | ११.९ |
| रामेछाप | १४७४२६ | १२५३६ | १५५२९ | ६.९ | १.८ | ६.३ |
| सिन्धुली | १९३८०६ | ३१२२१ | ७१५७० | ९.१ | ४.६ | २९.२ |
| मकवानपुर | १४८३२५ | ३२८३ | १३२७ | ७.० | ०.५ | ०.५ |
| चितवन | २१७५१० | ८५५२० | ५३१४४ | १०.२ | १२.५ | २१.७ |
| जम्मा | २१२६२६९ | ६८४७२० | २४४९१० | १००.० | १००.० | १००.० |

*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय; कृषि ज्ञान केन्द्रहरू, कृषि विकास निर्देशनालय।*

## २.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

**पशुपंक्षी उत्पादन :** समीक्षा वर्षमा दूध उत्पादन ६.२ प्रतिशत, मासु उत्पादन ७.६ प्रतिशत, अण्डा उत्पादन १८.१ प्रतिशत र छाला उत्पादन ३.८ प्रतिशतले बढेको छ भने ऊन उत्पादन ४.० प्रतिशतले घटेको छ। गत वर्ष दूध उत्पादन ४.० प्रतिशत, मासु उत्पादन  ५.० प्रतिशत र छाला उत्पादन ४.६ प्रतिशतले बढेको थियो भने अण्डा उत्पादन २.७ प्रतिशत र ऊन उत्पादन ३.९ प्रतिशतले घटेको थियो।

**माछा उत्पादन :** समीक्षा वर्षमा माछा उत्पादन १३.० प्रतिशतले बढेको छ । गत वर्ष माछा उत्पादन ३५.२ प्रतिशतले बढेको थियो ।

**वनजन्य उत्पादन :** समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन ५०.४ प्रतिशत र दाउरा उत्पादन ३०.२ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा काठ र दाउरा उत्पादन क्रमशः २४.० प्रतिशत र ३६.७ प्रतिशतले घटेको थियो ।

काभ्रेपलाञ्चोक जिल्लामा सबैभन्दा बढी (२०.३ प्रतिशत) दूध उत्पादन भएको छ भने रसुवा जिल्लामा सबैभन्दा कम (१.५ प्रतिशत) दूध उत्पादन भएको छ (तालिका २.३)। मासु उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (३२.५ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम १.५ प्रतिशत रहेको छ। अण्डा उत्पादनमा ललितपुर जिल्लाको हिस्सा सबैभन्दा बढी (३३.३ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (०.१ प्रतिशत) रहेको छ । यसैगरी, माछा उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (८०.५ प्रतिशत) र रसुवा र धादिङ जिल्लाहरुको हिस्सा सबैभन्दा कम (०.२ प्रतिशत) रहेको छ।

**तालिका २.३ : प्रमुख पशुपन्छीजन्य उत्पादन**

| जिल्ला | उत्पादन | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दूध (हजार लिटर) | मासु (मे.टन) | अण्डा (हजार गोटा) | माछापालन (मे.टन) | दूध | मासु | अण्डा | माछापालन |
| दोलखा | ३९५५८.२ | ३३४८.० | १६७९१.० | २१.० | ५.७ | ३.२ | ४.० | ०.४ |
| सिन्धुपाल्चोक | ५००६३.० | ५५०७.० | २६९४८.० | २५.० | ७.३ | ५.२ | ६.४ | ०.४ |
| रसुवा | १०३७५.० | १६३०.० | २७४.० | ११.० | १.५ | १.५ | ०.१ | ०.२ |
| धादिङ | ३६६२३.६ | ४२८०.० | २२९००.० | ११.० | ५.३ | ४.० | ५.५ | ०.२ |
| नुवाकोट | २७१५०.० | १४७३६.० | ३९११.० | ९७.० | ३.९ | १३.९ | ०.९ | १.७ |
| काठमाडौं | ८५५९८.० | २०४६.० | ८२८०८.० | ५९.० | १२.४ | १.९ | १९.८ | १.० |
| भक्तपुर | २४०१३.० | २०८६.० | १४७९३.० | ८८.० | ३.५ | २.० | ३.५ | १.६ |
| ललितपुर | ३०१४९.० | २८२९.० | १३९३८४.० | ७०.० | ४.४ | २.७ | ३३.३ | १.२ |
| काभ्रेपलाञ्चोक | १३९९४४.० | १२२५५.० | २७९२३.० | ८६.० | २०.३ | ११.६ | ६.७ | १.५ |
| रामेछाप | ३६१२१.० | ४६३७.० | २३४३८.० | २५.० | ५.२ | ४.४ | ५.६ | ०.४ |
| सिन्धुली | ४०५४८.१ | १०७४६.० | २२८१०.० | ३९२.७ | ५.९ | १०.१ | ५.४ | ६.९ |
| मकवानपुर | ५८३२०.० | ७३८७.० | ११९४०.० | २१६.० | ८.५ | ७.० | २.८ | ३.८ |
| चितवन | ११०६३१.० | ३४४६४.० | २५०९२.० | ४५५३.० | १६.१ | ३२.५ | ६.० | ८०.५ |
| **जम्मा** | **६८९०९५.३** | **१०५९५२.०** | **४१९०१२.०** | **५६५४.०** | १००.० | १००.० | १००.० | १००.० |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू ।*

**बक्स २ :रामेछाप जिल्लामा कृषिको सम्भावना**

वार्षिक आर्थिक गतिविधि अध्ययनको सिलसिलामा रामेछाप जिल्लामा व्यवसायिक कृषिको सम्भावनाबारे जानकारी हासिल गर्न स्थलगत अध्ययन सर्वेक्षण गरिएको थियो । परम्परागत कृषिको शैली परिवर्तन गरी स्थापना गरिएका कृषि फर्महरुमध्ये तीनवटा कृषि फर्महरुमा गरिएको स्थलगत अध्ययन सर्वेक्षणको आधारमा देहाय बमोजिमको विवरण तयार पारिएको छ ।

रामेछाप जिल्ला ओखरेनी पुरानो गाउँमा रहेको कामना फलफूल बहुउद्देश्यिय नर्सरी फर्म त्यस क्षेत्रमा नमुना कृषि व्यवसायको रुपमा रहेको छ। यस फर्मको स्थापना वि.स. २०७० मा भएको हो। यस फर्मको स्थापनादेखि हालसम्मको लगानी रु.३० लाख रहेको छ। २५ रोपनी क्षेत्रफलमा फैलिएको यस फर्ममा बाखा पालन, फलफुल खेति, फलफुलका विरुवा उत्पादन हुने गर्दछ। यस फर्ममा रहेका ३०० वटा जुनारका बोटबाट वार्षिक ४ लाख आम्दानी हुने गरेको छ भने वर्षिकरुपमा उत्पादन हुने ८००० विरुवाबाट रु.१० लाख आम्दानी हुने गरेको छ । यस फर्मका संचालकले जापानबाट प्राविधिक तालिम लिई आफ्नो व्यवसायमा सिकेको सीपको प्रयोग गरेको देखिन्छ। जरा कुहिएको विरुवालाई Root Grafting प्रविधि प्रयोग गरी बिरुवालाई पूनर्जीवन दिने कार्य नविन कार्यको रुपमा रहेको छ । Plant Grafting प्रविधि प्रयोगद्वारा जुनारको बोटमा सुन्तलाको हाँगा तथा तिनपातेको जरा जस्ता मौलिक प्रयोग त्यस क्षेत्रका किसानको लागि उदाहरणीय कार्यको रुपमा रहेको छ । यस फर्मबाट उत्पादित विरुवा तामाकोशि सेवा समितिमार्फत विक्रि हुने गरेको छ ।

यसै गरी ओखरेनी ४ मा रहेको प्रगतिशील बाखा तथा कृषि फर्मसमेत त्यस क्षेत्रमा नमुना कृषि व्यवसायको रुपमा रहेको छ। यस फर्मको स्थापना वि.स. २०७१ सालमा भएको हो। २५ रोपनी क्षेत्रफलमा फैलिएको यस व्यवसायमा बाखापालन, बंगुर पालन, तरकारी र जुनार खेती हुने गरेको छ। बार्षिक २५ लाखको कारोवार हुने यस फर्ममा हाल ३० वटा बोयर जातका बाखा, १० वटा माउ बंगुर, १ वटा भाले बंगुर र ७० वटा बंगुरका पाठा रहेका छन भने ६०४ वटा जुनारका रुख तथा ८००० बोट बन्दागोबी रहेका छन् । यस फर्मका सञ्चालकले उन्नत जातको बाखा उत्पादनका लागि अष्ट्रेलियाबाट ३ लाख पचास हजार लागतमा बोयर जातको बोका आयात गरी उन्नत जातका बाखा उत्पादन र विक्री गर्ने गरेका छन् । फार्ममा ७ जनालाई रोजगारी प्रदान गरिएको छ। यस फर्मबाट २ वर्षमा ५ खेप बंगुरका पाठा उत्पादन गरी बिक्री हुने गर्दछ भने २ वर्षमा ३ खेप बाखा उत्पादन गरी विक्री हुने गर्दछ । ओखरेनी गाउँका अधिकाँश किसान व्यवसायिक कृषि कार्यमा संलग्न भई जिवन यापन गरेको देखिन्छ भने स्थानीय सरकारले समेत किसानका यी प्रयासमा हातेमालो गर्दै प्राविधिक र आर्थिक सहयोग गर्दै आएको देखिन्छ। रामेछाप जिल्लाको मन्थली बजार यस्ता उत्पादनको मुख्य बजारको रुपमा रहेको छ । मन्थलीमा रहेका जुस उद्योगहरूले उत्पादित जुनार खरिद गर्ने गर्दछन भने मन्थलीमा रहेको होटल व्यवसायीले उत्पादित मासु खरिद गर्ने गर्दछन ।


रामेछाप ७ का अर्का युवा किसानले मन्थली नगरपालिकाबाट करिब १ किलोमिटर उत्तरमा अवस्थित ५३ रोपनी जग्गामा बिहानी कृषि फर्ममा विभिन्न खालका तरकारी खेती गरेका छन् । कृषि डायरी, कृषि ऐन र विभिन्न कृषि सम्बन्धी सामग्रीहरुको अध्ययन गरी नविन कृषि प्रविधिमा अद्यावधिक रहने जानकार किसान श्रेष्ठले आफ्नो फर्ममा Tunnelling र Mulching जस्ता प्रबिधिको प्रयोग गरी बेमौसमी तरकारीको उत्पादन गरेका छन् । बिहानी तरकारी फार्मको नामले चिनिने उनको फार्ममा वार्षिक ३० देखि ३५ लाख सम्मको तरकारी बिक्री हुने गरेको छ। उनले यस फर्ममा १३ जनालाई रोजगारी प्रदान गरेका छन्। यस फर्मबाट रामेछाप आर्मी ब्यारेक, मन्थलीका होटलहरु र पसलहरुलाई तरकारी उपलब्ध हुदै आएको छ। स्थानीयहरूले पनि उक्त फार्मबाट उत्पादित रासायनिक बिषादीरहित तरकारी सेवन गर्न पाएका छन् ।

मुलुक संघीय संरचनामा गएपश्चात् स्थानीय सरकारले कृषि विकासको लागि शुरु लगानीमा ५० प्रतिशत अनुदान दिने, विरुवा वितरण गर्ने जस्ता कार्यहरुमार्फत कृषकलाई प्रोत्साहन गरेका छन् । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत कृषकलाई टहरा, गोठ निर्माणमा ५० प्रतिशतसम्म अनुदान दिने कार्य, कृषि बीमा तथा सहुलियतपुर्ण कृषि कर्जा कार्यक्रमबाट किसानहरु उत्साहित भएका छन् । कोभिड-१९ को कारण जुस उद्योग बन्द भएकोले जुनार बिक्न गाह्रो भएको, बन्दागोबिले बजार नपाएको, फार्मसम्म पुग्न सहज बाटो नभएको जस्ता समस्याहरू विद्यमान रहेतापनि कृषि क्षेत्रमा नयाँ तरिका अपनाई मनग्ये आय आर्जन गर्न सकिने सम्भावनाहरू पर्याप्त छन् ।

*स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।*

## २.४ सिँचाई तथा मौसम

समीक्षा वर्षमा यस प्रदेशको कुल खेती गरिएको (४ लाख ३४ हजार ३ सय ३२ हेक्टर) क्षेत्रफलमध्ये १ लाख २६ हजार ६ सय ७६ हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा पुगेको छ। जुन कुल खेती गरिएको क्षेत्रफलको २९.२ प्रतिशत हो ।




*स्रोत: जिल्ला स्थित जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय ।*

समीक्षा वर्षमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफल ७.८ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा सिञ्चित क्षेत्रफल १.६ प्रतिशतले बृद्धि भएको थियो। कुलोद्वारा सिञ्चित क्षेत्रफल ०.८ प्रतिशतले ह्रास आएको छ भने नहरद्वारा सिञ्चित क्षेत्रफल ४१.६ प्रतिशत, पोखरीबाट ९.६ प्रतिशत र थोपाद्धारा सिञ्चित क्षेत्रफल २०.३ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष कुलोद्वार सिञ्चित क्षेत्रफल ३.७ प्रतिशतले घटेको थियो भने नहरद्वार सिञ्चित क्षेत्रफल १.३ प्रतिशतले बढेको थियो ।

**बक्स ३: सिन्धुपाल्चोक जिल्लाको मेलम्ची र हेलम्बु खोलामा आएको पहिरो र बाढीले गरेको क्षति**

जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक एवम् सम्बन्धित स्थानीय निकायहरुबाट विभिन्न मितिमा प्राप्त विवरण र स्थलगत सर्वेक्षणको आधारमा मिति २०७८/०३/०१ र २०७८/०४/१६ मा सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिका वडा नं. १ सेमिसिदाङ्ग हिमालमुनि रहेको भेमाथाङ् चौरमा गएको ठूलो पहिरोका कारण मेलम्ची नदी थुनिएपश्चात् उक्त थुनिएको बाँध फुट्न गई मेलम्ची खोलामा आएको बाढी, पाँचपोखरी थाङपाल गाउँपालिकाको याङ्ग्री र लार्के नदीमा आएको बाढी, जुगल गाउँपालिकाको ब्रह्मायणी नदीमा आएको बाढी र पहिरोको कारण पुग्न गएको क्षतिको विवरण देहाय बमोजिम छ।

**भौतिक क्षति**

उक्त बाढी र पहिरोको कारण पाँचपोखरी थाङपाल गाउँपालिकास्थित १ पक्की र ८ कच्ची घर, हेलम्बु गाउँपालिकास्थित १०८ पक्की र २०९ अन्य घर, मेलम्ची नगरपालिकास्थित १६९ वटा पक्की र ४० वटा कच्ची घर र भोटेकोशी गाउँपालिकास्थित २ कच्ची घर क्षतिग्रस्त भएका छन् । यसैगरी, पाँचपोखरी थाङपाल गाउँपालिकामा ४, हेलम्बु गाउँपालिकामा १२०, मेलम्ची नगरपालिकामा १५३, भोटेकोशी गाउँपालिकामा ३५५, सुनकोशी गाउँपालिकामा १६ र बाह्रबिसे नगरपालिकामा १६ गरी जम्मा ६६४ घर जोखिममा रहेका छन्। उक्त बाढी पहिरोको कारण पाँचपोखरी थाङपाल गाउँपालिकाका ६५, हेलम्बु गाउँपालिकाका ३२०, मेलम्ची नगरपालिकाका २६७, भोटेकोशी गाउँपालिकाका ७ र सुनकोशी गाउँपालिकाका १६ घर परिवार विस्थापित भएका छन् ।

**मानवीय क्षति**

सो बाढी पहिरोका कारण चिनियाँ १ जना र भारतीय २ जना सहित जम्मा २० जना व्यक्ति सम्पर्क विहिन अवस्थामा रहेका थिए भने चिनिया नागरिक २ जना, भारतीय नागरिक १ जना र नेपाली नागरिक २ जना गरी ५ जना पुरुष मृत फेला परेका थिए। उक्त संख्यामध्ये हेलम्बु गाउँपालिकाबाट १ जना पुरुष मृतक रहेका र १५ (१० पुरुष र ५ महिला) वेपत्ता रहेको जानकारी प्राप्त भएको छ ।

**आर्थिक प्रभाव**

यस घटनाले सिन्धुपाल्चोक जिल्लाको आर्थिक गतिविधिमा नकारात्मक असर पारेको छ। बाढीका कारण मेलम्ची खानेपानी आयोजना डुबानमा परी हेडवर्क्समा क्षति पुगेको छ। जसले गर्दा लगभग सञ्चालनमा आउन लागेको आयोजना अनिश्चित भएको छ। २०७८ साउन १७ गते गएको बाढीले सडक खण्डमा ठूलो क्षति पुगेको कारण ढुवानी अवरुद्ध भई स्थानीय जनजीवन एवम् आर्थिक गतिविधिमा थप प्रतिकूल असर परेको छ। त्यसैगरी, बाढी पहिरोको कारण त्यस क्षेत्रमा रहेका कृषि फर्महरू र अन्य व्यवसायिक फर्महरूमा क्षति पुग्न गएको छ। मेलम्ची नदी किनारमा व्यवसायिक रुपमा विकास हुँदै गरेको माछापालन व्यवसायमा क्षति भएको थियो । उक्त बाढी पहिरोको कारण पाँचपोखरी थाङपाल गाउँपालिकास्थित १, हेलम्बु गाउँपालिकास्थित १० र मेलम्ची नगरपालिकास्थित १ माछा फर्म क्षतिग्रस्त भएका थिए । यसले गर्दा कृषिजन्य उत्पादनमा गिरावट आउनुको साथै आर्थिक गतिविधिका कार्यहरूमा गिरावट आएको छ। मेलम्ची नदी किनारमा फस्टाउँदै गएको माछापालन व्यवसायमा नकरात्मक प्रभाव परेको देखिन्छ । मेलम्चीको किनारमा रहेका सुविधासम्पन्न होटलहरुमा क्षति पुगेको कारण धेरै होटलहरु बन्द भएका छन । यी सबै कारणले गर्दा यस क्षेत्रको रोजगारीका अवसरमा पनि कमी आएको छ।

### सडक पूर्वाधारमा पुगेको क्षति

बाढीपहिरोका कारण हेलम्बु गाउँपालिकामा सडक पूर्णरुपमा अवरुद्ध रहेको थियो भने सडक सञ्जाल क्षत्विक्षत् अवस्थामा पुगेको थियो । २०७८ साउन १७ गतेदेखि भोटेकाशी गा.पा. वडा नं. २, चित्रेबजारस्थित अरनिको राजमार्ग सडकभन्दा तलबाट पहिरो गई सडक खण्ड पुनः भासिन गई पूर्णरुपमा अवरुद्ध भएको थियो । २०७८ साउन १७ गतेको बाढीले मेलम्ची नगरपालिका १२ बाहुनेपाटीबाट ईन्द्रावती गाउँपालिका जोड्ने निर्माणाधिन पुल जोड्ने बाटो बगाएकोले आवागमन अवरुद्ध भएको थियो । उक्त बाढीले मेलम्ची बजारस्थित पक्की पुल र पुरानो झोलुङ्गे पुल समेत बगाएको थियो । उक्त पहिरोमा पाँचपोखरी थाङपाल गाउँपालिकास्थित २ वटा पक्की र ४ वटा झोलुङ्गे पुल, हेलम्बु गाँउपालिकास्थित ९ वटा पक्की र ६ वटा झोलुङ्गे पुल, मेलम्ची नगरपालिकास्थित ६ वटा पक्की र ५ वटा झोलुङ्गे पुल, जुगल गाउँपालिकास्थित २ झोलुङ्गे पुल क्षतिग्रस्त भएका थिए । यसैगरी, मेलम्ची बजारबाट चनौटेतर्फ जाने बाटो बगाई आवागमन अवरुद्ध भएको थियो भने मेलम्ची नगरपालिकास्थित २१ र हेलम्बु गाउँपालिकास्थित ८ सडकखण्ड पूर्ण एवम् आंशिक रुपमा अवरुद्ध भएका थिए ।

### सिञ्चाई तथा खानेपानी, उर्जा र अन्य भौतिक संरचनामा पुगेको क्षति

बाढी पहिरोले सिञ्चाई तथा खानेपानीमा ठूलो क्षति पुऱ्याएको थियो । राष्ट्रिय गौरवको मेलम्ची खानेपानी आयोजनासम्म पुग्ने पहुँचमार्गमा भएको क्षतिका कारण सडक अवरुद्ध भएकाले उक्त आयोजनाका हेडवर्क्स लगायतका संरचनामा भएको क्षतिको यकिन विवरण संकलन समेत हुन सकेको थिएन । यसैगरी, सिञ्चाईतर्फ मेलम्ची नगरपालिकास्थित ६७ वटा कुलो क्षतिग्रस्त भएको विवरण छ भने १४ वटा सिञ्चाई आयोजना प्रभावित भएका थिए । त्यस्तै, हेलम्बु गाउँपालिकास्थित १० सिञ्चाई आयोजना प्रभावित भएका थिए । उर्जातर्फ जुगल गाँउपालिकास्थित निर्माणाधिन मुनलाईट हाइड्रो पावरको क्यानल नं. ३५ मिटरको नहर लगायत भौतिक सम्पत्ति बगाई क्षति भएको थियो । यसैगरी, पाँचपोखरी थाङपाल गाँउपालिकास्थित ५, हेलम्बु गाँउपालिकास्थित ७ र मेलम्ची नगरपालिकास्थित ३४ (३१ पूर्ण र ३ आंशिक) सरकारी र ९ सार्वजनिक भवन क्षतिग्रस्त भएका थिए ।

### विपद् व्यवस्थापन, उद्धार र राहत एवम् क्षतिपूर्ति

बाढीपहिरोको कारण उत्पन्न विपद् व्यवस्थापनको लागि प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा गोरख बक्स गणका गणपति, जिल्ला प्रहरी कार्यालयका प्रमुख, सशस्त्र प्रहरी १६ नं. गणका प्रमुख र राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयका प्रमुख रहेको अप्रेसनल कमाण्ड पोष्टमार्फत जिल्ला विपद् व्यवस्थापन समितिले सक्रियता जनाउदै उद्धारको कार्य आरम्भ गरेको थियो । उक्त कार्यको लागि नेपाली सेनाका २१७, नेपाल प्रहरीका २२५, सशस्त्र प्रहरीका ८४ गरी कुल ५०१ जना जनशक्ति परिचालनमार्फत तुरुन्तै उद्धारको कार्य गरिएको थियो । यसैगरी, विभिन्न व्यक्ति, स्वदेशी एवम् विदेशी संघसंस्थाको सहयोगमा विभिन्न मितिमा राहत वितरण गरिएको थियो । उक्त बाढी पहिरोमा परेका चिनियाँ ६ जना, सिनो हाइड्रोका भारतीय ९ जना र अन्य भारतीय ४ जना गरी जम्मा १९ जना विदेशी सहित १२३ जना व्यक्तिको उद्धार गरिएको थियो । उद्धार गरिएकामध्ये २ चिनियाँ र २ भारतीय गरी जम्मा ५ जना घाइते व्यक्ति रहेका थिए ।

उक्त बाढी र पहिरो पश्चात् जिल्ला विपद् व्यवस्थापन समितिबाट एकद्वार प्रणालीमार्फत राहत वितरण गर्ने कार्य गरिएको थियो । राहत अन्तर्गत करिब १००० भन्दा बढी विस्थापित र प्रभावित परिवारलाई अस्थायी आवासको लागि टेण्ट पाल तथा आवश्यक खाद्यान्न तथा गैर खाद्यान्न राहत सामाग्री वितरण गरिएको थियो । हेलम्बु, मेलम्ची लगायतका स्थानहरुमा विशेषज्ञ स्वास्थ्य शिविर र मनोपरामर्श गर्ने कार्य सञ्चालन गरिएको थियो । बाढी र पहिरोको कारण मृतक परिवारलाई निजको नातेदारको मृत्यु भई नेपाल सरकारबाट प्राप्त हुने क्षतिपूर्ति हस्तान्तरण गर्ने चरणमा रहेको छ । बाढी पहिरोबाट प्रभावित ९७६ परिवारलाई लाभग्राही कायम गरी अनुदान सम्झौताको लागि स्थानीय तहहरूमा पठाउने काम भएको देखिन्छ ।

*स्रोतः जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक (मिति २०७८ भदौ ८ सम्मको विवरण), मेलम्ची नगरपालिका ( २०७८/०७/३०), हेलम्बु गाउँपालिका (२०७८/०६/२२) र स्थलगत सर्वेक्षण ।*

## २.५ क्षेत्रगत कृषि कर्जा

२०७८ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट यस प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा ३३.२ प्रतिशतले वृद्धि भई रु.१ खर्ब १० करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा २७.९ प्रतिशतले वृद्धि भएको थियो । यस क्षेत्रमा बैंक तथा वित्तीय संस्थाले ४.२ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गरेका छन् ।

कृषि क्षेत्रमा प्रवाहित कर्जामा काठमाडौं जिल्लाको अंश ४२.२ प्रतिशत, चितवन जिल्लाको अंश ३२.२ प्रतिशत, मकवानपुर जिल्लाको अंश ५.४ प्रतिशत, काभ्रेपलाञ्चोक जिल्लाको अंश ४.६ प्रतिशत, धादिङ जिल्लाको अंश ३.५ प्रतिशत, नुवाकोट जिल्लाको अंश ३.२ प्रतिशत, ललितपुर जिल्लाको अंश २.५ प्रतिशत, भक्तपुर जिल्लाको अंश २.० प्रतिशत, सिन्धुली जिल्लाको अंश १.७ प्रतिशत, सिन्धुपाल्चोक जल्लाको अंश १.१ प्रतिशत, दोलखा जिल्लाको अंश ०.६ प्रतिशत, रामेछाप जिल्लाको अंश ०.६ प्रतिशत र रसुवा जिल्लाको अंश ०.५ प्रतिशत रहेको छ (तालिका २.२) ।

**तालिका २.२ : जिल्लागत कृषि कर्जा**

| जिल्ला | कृषि कर्जा (रू दश लाखमा) | हिस्सा ( प्रतिशत) |
|---|---|---|
| **दोलखा** | ५८४.९८ | ०.५८ |
| **सिन्धुपाल्चोक** | ११२८.४८ | १.१३ |
| **रसुवा** | ४८७.२७ | ०.४९ |
| **धादिङ** | ३४९५.९४ | ३.४९ |
| **नुवाकोट** | ३२१६.८१ | ३.२१ |
| **काठमाडौं** | ४२२५०.०९ | ४२.२१ |
| **भक्तपुर** | १९४९.४५ | १.९५ |
| **ललितपुर** | २४८३.५१ | २.४८ |
| **काभ्रेपलाञ्चोक** | ४५६९.२४ | ४.५६ |
| **रामेछाप** | ५६३.३६ | ०.५६ |
| **सिन्धुली** | १६८०.६९ | १.६८ |
| **मकवानपुर** | ५४४६.६५ | ५.४४ |
| **चितवन** | ३२२४७.७६ | ३२.२१ |
| **जम्मा** | **१००१०४.२३** | **१००** |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## २.६ कृषि क्षेत्रका चुनौती र सम्भावना

### २.६.१ चुनौती

- मेलम्ची र इन्द्रावती नदीमा आएका बाढीले बालीनाली, पशुचौपाया, कृषि फार्म, माछा फर्ममा अर्बौको नोक्सानी गर्नुका साथै कृषि योग्य जमिनलाई बगरमा परिणत गरेको छ । यसलाई पुनरुत्थान गर्नु चुनौतीपूर्ण रहेको छ । पुल र बाटोमा समेत क्षति भएकोले त्यस क्षेत्रमा उत्पादन हुने कृषि उपजको ढुवानी व्यवस्था मिलाउनु ।
- कृषि पूर्वाधार, मल तथा बीउबिजन, कृषकलाई तालिम तथा प्राविधिक सेवा उपलब्ध गराई कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्नु ।
- कृषिमा बैंकको लगानी बढाउन कृषि बिमा अनिवार्य रहेको छ । कृषितर्फ बिमा कम्पनीहरुको आकर्षण कम रहेको परिप्रेक्ष्यमा विमामा कृषकको पहुँच बढाई कृषिमा लगानी बढाउनु ।
- सहुलियतपूर्ण कृषि तथा पशुपन्छी कर्जामा लक्षित वर्गको पहुँच सुनिश्चित गर्न सचेतनाको अभिवृद्धि तथा आवश्यक संयन्त्र विकास गर्नु ।

- यस प्रदेशका अधिकाँश भु-भागमा मौसममा आधारित भई कृषि खेती गर्नुपर्ने बाध्यता विद्यमान छ । यसका लागि पर्याप्त सिँचाई सुविधाको सुनिश्चितता गर्दै कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्नु ।
- यस प्रदेशको अर्थतन्त्रमा कृषि क्षेत्रले पुऱ्याएको योगदानको अनुपातमा सरकारी खर्च कम रहेकोले कृषि क्षेत्रको बजेट बढाउनु ।
- ग्रामीण सडक निर्माणमा समन्वय नहुँदा कृषि तथा पशु उत्पादन पकेट क्षेत्रमा नियमित यातायात सेवामा कठिनाई भई बजारीकरणमा समस्या परेकोले सोको समाधान गर्नु ।

### २.६.२ सम्भावना

- तुलनात्मक रुपमा जनसंख्या, वित्तीय पहुँच, संचार र यातायातको सुविधा अन्य प्रदेश भन्दा राम्रो रहेकोले मोवाइल, इन्टरनेट लगायतको प्रविधिको प्रयोग गरी अनलाइनमार्फत कृषि तथा पशुपन्छीको उत्पादन सिधै ग्राहकसम्म पुऱ्याएर मध्यस्थकर्ताले लिने नाफा घटाउन र कृषकको उत्पादन सस्तो मूल्यमा उपलब्ध गराउन सकिने सम्भावना रहेको ।
- यस प्रदेशका धादिङ, भक्तपुर, काभ्रे तथा नुवाकोटलाई तरकारी पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको ।
- भूमि बैंकको व्यवस्था गरी बाँझो रहेको जग्गा, जग्गाधनीबाट लिएर खेती गर्न चाहने भूमिहीन कृषकहरूलाई प्रदान गरी कृषि उत्पादन बढाउन सकिने सम्भावना रहेको ।
- गैर आवासीय नेपालीहरुलाई कृषि पूर्वाधारमा लगानी गर्न प्रोत्साहित गरेको खण्डमा कृषिको व्यवसायीकरण गर्न थप सहज हुने सम्भावना रहेको ।
- यस प्रदेशमा संघीय राजधानीको अतिरिक्त बनेपा, धुलिखेल, नारायणघाट, हेटौंडा जस्ता उच्च जनसंख्या भएका सहरहरु भएकोले प्रशोधित खाद्यान्न, तरकारी, फलफूल, माछा, मासु लगायतका वस्तुहरुको लागि बजारको उच्च सम्भावना रहेको ।
- दूधमा दिँइदै आएको नगद अनुदान बढाउने तथा माछा, मासुमा समेत उत्पादनको आधारमा नगद अनुदान दिएमा दूध, माछा, मासु र अण्डाको उत्पादनमा आत्मनिर्भर बन्ने सम्भावना रहेको ।
- सरकारले बाली तथा पशु बिमाको प्रिमियम अनुदान ७५ प्रतिशतबाट बढाई ८० प्रतिशत कायम गर्ने व्यवस्थाले कृषि क्षेत्रमा युवा तथा व्यवसायिक कृषकको आकर्षण बढने सम्भावना रहेको ।
- कृषि क्षेत्रमा लाग्नेहरुलाई प्रेरित गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत प्रदेशस्तरमा एक एक वटा बृहत् उत्पादन, प्रशोधन, अनुसन्धान, तालिम एवम् प्रसार कार्य नमुनाको रुपमा संचालन गर्न सरकार, निजी क्षेत्र, सहकारी र कृषि सहकार्य समूहहरुको संयन्त्र निर्माण गरी कार्यान्वयन गर्न सकेमा कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुने ।
- प्रदेश भित्रका १३ वटै जिल्लामा दूध उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन गर्न उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने व्यवस्थाले गाई/भैसी पालन व्यवसाय प्रवर्द्धनमा टेवा पुग्ने ।
- प्रदेश सरकारबाट शीत भण्डार, मल्चिङ प्रविधि, टहरा निर्माणमा अनुदान उपलब्ध गराउने व्यवस्थाले व्यवसायिक कृषिमा आकर्षण बढ्दै जाने ।
- सिन्धुलीको दुधौली, चितवनको माडी, नुवाकोटको लिखु र पञ्चकन्या, सिन्धुपाल्चोकको इन्द्रावती र मेलम्ची तथा दोलखाको गौरीशंकरमा सञ्चालित सामूहिक खेती प्रवर्द्धन कार्यक्रमबाट यस क्षेत्रमा व्यवसायिक कृषिमा वृद्धि हुने ।

# परिच्छेद ३ : उद्योग क्षेत्र

## ३.१ प्रमुख उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी

आर्थिक वर्ष २०७७/७८ मा यस प्रदेशका नमुना छनौटमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४६.४ प्रतिशत रहेको छ । गत वर्ष नमुनामा समेटिएका उद्योगको औसत क्षमता उपयोग ३७.८ प्रतिशत रहेको थियो । रङ्ग उद्योगले सबैभन्दा बढी (९२.९ प्रतिशत) क्षमता उपयोग गरेको छ भने प्रशोधित दूधको क्षमता उपयोग सबैभन्दा कम (१३.१ प्रतिशत) रहेको छ ।

समीक्षा वर्षमा यस प्रदेशका अध्ययनले समेटेका उद्योगमध्ये पशुदाना उत्पादन १६.४ प्रतिशत, विस्कुट उत्पादन ३४.९ प्रतिशत, चाउचाउ उत्पादन २३.२ प्रतिशत, हल्का पेय पदार्थ उत्पादन १८.७ प्रतिशत, चुरोट उत्पादन ८.५ प्रतिशत, पश्मिना उत्पादन ४.० प्रतिशत, गार्मेन्ट उत्पादन १९.० प्रतिशत, रङ्ग उत्पादन ५४.९ प्रतिशत, साबुन उत्पादन ४५.१ प्रतिशत, कंक्रिट उत्पादन ५१.६ प्रतिशत र कपडाको जुत्ता उत्पादन ३२.५ प्रतिशतले बढेको छ भने प्रशोधित दूध उत्पादन ११.० प्रतिशत र वियर उत्पादन ११.४ प्रतिशतले घटेको छ (तालिका ३.१) ।

**तालिका ३.१: प्रमुख औद्योगिक वस्तुको उत्पादन स्थिति**

| वस्तु | इकाई | उत्पादन | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| पशुदाना | मे.टन | ५०९७९.३ | १६.४ |
| Paints | | ४६४३७.० | ५४.९ |
| कंक्रिट | | ३४१९६.० | ५१.६ |
| चाउचाउ | | ३२३५६.८ | २३.२ |
| साबुन | | २८८५६.२ | ४५.१ |
| पश्मिना | थान | २७६५४.० | ४.० |
| प्रशोधित दूध | हजार लिटर | ६९८६.८ | -११.० |
| वियर | | ६४५७.० | -११.४ |
| हल्का पेय पदार्थ | | १४५४८७.६ | १८.७ |
| Liquid | हजार बोतल | ३७५७५४९.० | -६.२ |
| Tablet | हजार थान | २८४४०७.० | ५.४ |

*स्रोत: अध्ययन क्षेत्रका उद्योगहरू ।*

यस प्रदेशमा संचालित अधिकाँश उद्योगहरु काठमाडौं उपत्यका र मकवानपुरको हेटौडामा संचालनमा रहेका छन् । यस प्रदेशमा रहेका प्रमुख उद्योगहरुमा छालाका जुत्ता, कपडाका जुत्ता, गलैंचा, पश्मिना, फेल्टका सामान, जीवजन्तुको आहार, ऊनको तयारी पोशाक, सुतीको तयारी पोशाक, सजावटका सामान, चाउचाउ, विस्कुट, पेय पदार्थ, इटा, औषधी र सिमेन्ट उद्योगहरु पर्दछन । यस प्रदेशमा ११ वटा सिमेन्ट उद्योगहरु संचालनमा रहेका छन् । धादिङ जिल्ला सिमेन्ट हवको रुपमा विकास हुँदै गएको देखिन्छ । धादिङ जिल्लामा वैदेशिक लगानीमा हुवासीन सिमेन्ट नारायणी प्रा.लि. स्थापना भई उत्पादन शुरु गर्ने क्रममा रहेको छ । यस उद्योगको वार्षिक ओ.पि.सी. सिमेन्ट उत्पादन क्षमता ३,५५,००० मेट्रिक टन, पी.पी.सी सिमेन्ट २,४०,००० मेट्रिक टन र पी.यस.सी सिमेन्ट २,५०,००० मेट्रिक टन रहने अनुमान गरिएको छ । साथै, यस उद्योगले करिब १००० जनालाई रोजगारी प्रदान गर्ने देखिन्छ । यस्ता उद्योगहरूको स्थापना र सञ्चालनसँगै बागमती प्रदेशको पूर्वाधार निर्माणमा थप टेवा पुग्ने देखिन्छ ।

**तालिका ३.२: बागमती प्रदेशमा २०७७ साउनेखि २०७८ असार मसान्तसम्म दर्ता भएका उद्योगको विवरण**

| जिल्ला | उद्योग संख्या | रू दश लाखमा | | | रोजगारी संख्या |
|---|---|---|---|---|---|
| | | कुल पुँजी | स्थिर पुँजी | कार्यशील पुँजी | |
| भक्तपुर | २ | २७५.० | १६५.० | ११०.० | १०६ |
| चितवन | ४ | ४२९.० | २२१.५ | २०७.५ | ११६ |
| धादिङ | २ | ४९.६ | ३९.८ | ९.८ | २१० |
| दोलखा | ५ | ३९०२.९ | ३८१८.६ | ८४.२ | १३७ |
| काठमाडौं | ५० | ११०१३.५ | ७६२४.२ | ३३८९.३ | २७८४ |
| काभ्रेपलाञ्चोक | २ | १६५.० | १३६.० | २९.० | ८५ |
| ललितपुर | ११ | ३१४६.० | २८४२.६ | ३०३.४ | ५६४ |
| मकवानपुर | ६ | ७३४५.६ | ६६५२.२ | ६९३.४ | ४१६ |
| नुवाकोट | ५ | १०८४.४ | ७९४.६ | २८९.८ | २५९ |
| सिन्धुपालचोक | २ | ६०११.८ | ५८६६.५ | १४५.३ | १४४ |
| जम्मा | **८९** | **३३४२२.७** | **२८१६१.१** | **५२६१.६** | **४८२१** |

*स्रोत: उद्योग विभाग ।*

२०७७ साउनदेखि २०७८ असारमसान्तसम्म यस प्रदेशमा कुल ८९ वटा उद्योगहरू दर्ता भएका छन् (तालिका ३.२)। जसको कुल पुँजी रु.३३ अर्ब ४२ करोड रहेको छ। यी दर्ता भएका उद्योगहरुले समीक्षा वर्षमा कुल ४८२१ जनालाई रोजगारी प्रदान गरेको देखिएको छ।

## ३.२ क्षेत्रगत औद्योगिक कर्जा

२०७८ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरूले यस प्रदेशका औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २५.७ प्रतिशतले वृद्धि भई रु.८ खर्ब ९६ अर्ब ४२ करोड पुगेको छ। गत वर्ष यस्तो कर्जा २२.८ प्रतिशतले वृद्धि भई रु.७ खर्ब १२ अर्ब ९९ करोड पुगेको थियो। यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३७.७ प्रतिशत रहेको छ। औद्योगिक कर्जामध्ये काठमाडौं जिल्लामा सबैभन्दा बढी रु.७ खर्ब ७१ अर्ब ६ करोड (८६.० प्रतिशत) कर्जा लगानीमा रहेको छ भने रसुवा जिल्लामा सबैभन्दा कम रु.४६ करोड कर्जा (०.१ प्रतिशत) लगानी रहेको छ (तालिका ३.३)


**तालिका ३.३: जिल्लागत औद्योगिक कर्जा**

| जिल्ला | रकम (रू दश लाखमा) | हिस्सा ( प्रतिशत) |
|---|---|---|
| **दोलखा** | २०१२.६७ | ०.२ |
| **सिन्धुपाल्चोक** | १,४११.६० | ०.२ |
| **रसुवा** | ४६६.२८ | ०.१ |
| **धादिङ** | ५,३०३.७३ | ०.६ |
| **नुवाकोट** | २,९६८.५२ | ०.३ |
| **काठमाडौं** | ७७१,०६४.८७ | ८६.० |
| **भक्तपुर** | १३,२८०.१७ | १.५ |
| **ललितपुर** | ४१,५५१.७४ | ४.६ |
| **काभ्रेपलाञ्चोक** | ९,२७४.८२ | १.० |
| **रामेछाप** | १,१२१.०५ | ०.१ |
| **सिन्धुली** | २,४४६.९७ | ०.३ |
| **मकवानपुर** | १२,८७१.३२ | १.४ |
| **चितवन** | ३२,६४९.५१ | ३.६ |
| **जम्मा** | **८९६४२३.२५** | **१००.०** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

कुल औद्योगिक कर्जामध्ये धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी ४१.१ प्रतिशतले वृद्धि भएको छ भने सबैभन्दा कम खानी उत्पादन सम्बन्धी उद्योगमा १४.८ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, विद्युत, ग्यास तथा पानीमा ३२.५ प्रतिशतले, कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा ३७.७ प्रतिशतले, निर्माणमा १९.१ प्रतिशतले र गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा २०.८ प्रतिशतले कर्जा बढेको छ ।

**चार्ट : ४ औद्योगिक कर्जा लगानी स्थिति (रु.अर्बमा))**




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ३.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### ३.३.१ चुनौती

- औद्योगिक सीप विकास तालिममार्फत उद्योग क्षेत्रमा कार्यरत श्रमिकको क्षमता अभिवृद्धि गर्नु र औद्योगिक श्रम सम्वन्धमा सुधार ल्याई औद्योगिक क्षेत्रमा गैर-व्यवसायिक जोखिम कम गर्नु ।
- लागत तथा गुणस्तर व्यवस्थापन गर्दै आयातित वस्तुसँग औद्योगिक उत्पादनलाई प्रतिस्पर्धी बनाउनु ।
- उद्योग तथा व्यवसाय स्थापना गर्दाको स्थिर लागतमा कमी ल्याउन जमीनको मूल्यमा स्थायित्व ल्याउनु ।
- विशेष आर्थिक क्षेत्र, निर्यात प्रशोधन केन्द्र र औद्योगिक क्षेत्रमा पूर्वाधार विकास गरी उद्योगहरुलाई यस्ता क्षेत्रमा संचालन गर्न प्रोत्साहित गर्नु ।
- उद्योगसम्म सडक तथा बाटोको पहुँच पुऱ्याउनु, कृषि उत्पादनलाई उद्योगसँग जोड्नु र उद्योगलाई सस्तो दरमा विद्युतिय उर्जा नियमित उपलब्ध गराउनु ।
- न्यूनतम आवश्यक पूर्वाधारको विकास गरी यस क्षेत्रमा प्रत्यक्ष विदेशी लगानी आकर्षण गर्नु ।
- कोभिड १९ संक्रमणको कारण सिर्जना भएको माग तथा आपूर्तिबीचको असन्तुलनलाई न्यूनीकरण गरी सन्तुलन कायम गर्नु ।

### ३.३.२ सम्भावना

- प्रसारणलाइन र सवस्टेसनको कमीले एकातिर उद्योगले मागे जति विद्युत नपाउने र अर्कोतिर उत्पादित विद्युत खेर जाने अवस्था रहेकाले प्रसारणलाइन र सवस्टेसन निर्माण गरी उत्पादन बढाउन सक्ने सम्भावना रहेको ।
- नेपालमा पुँजी बजारतर्फको आर्कषण बढदै गएको तथा अनलाइनमार्फत लगानी गर्न सकिने भएकोले ठूला उद्योगहरुले IPO मार्फत पुँजी वृद्धि गरी थप उत्पादन बढाउन सक्ने सम्भावना रहेको ।
- यस प्रदेशमा जनघनत्व वढी भएकोले विद्युतीय उपकरण, सवारी साधन र दैनिक उपभोग्य वस्तुको उपभोग वढी हुने र यसबाट निस्कासन हुने कुहिने र नकुहिने फोहोर पनि बढी हुने गर्दछ । यस्तो फोहोर व्यवस्थित गरी कुहिने फोहोरबाट मल उत्पादन गर्ने उद्योग र नकुहिने फोहोरबाट Scrap व्यवस्थापन उद्योगको स्थापना गर्न सके जैविक मल उपलब्ध हुने, अन्य उद्योगको लागि कच्चा पदार्थ उपलब्ध हुने तथा वातावरण समेत स्वच्छ बनाउन सकिने सम्भावना रहेको ।
- यस प्रदेशमा जनघनत्व बढी भएका कारण औद्योगिक उत्पादन बजारीकरणको सम्भावना उच्च रहेको ।
- उद्योगको विकास र विस्तार गरी रोजगारीको अवसर वृद्धि गर्न सकिने सम्भावना रहेको ।
- यस प्रदेशमा विद्युत उत्पादन, पानी प्रशोधन र खाद्य प्रशोधन तथा पेय पदार्थ उद्योगको उच्च सम्भावना रहेको ।
- सहुलियतपूर्ण उर्जा आपूर्तिमार्फत उद्योगको लागत कम गरी प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न सकिने सम्भावना रहेको ।
- यस प्रदेशका सिन्धुपाल्चोक, नुवाकोट, धादिङ्ग लगायतका जिल्लामा ढुँगा, वालुवा, गिट्टी उत्खनन गर्ने उद्योग स्थापना गर्न सकिने सम्भावना रहेको ।

# परिच्छेद ४ : सेवा क्षेत्र

सेवा क्षेत्र अन्तर्गत पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट सम्बन्धी कारोबार, वित्तीय सेवा र यातायात सेवाहरु समेटिएको छ । कोभिड-१९ महामारीका कारण पर्यटन क्षेत्र तुलनात्मक रुपमा सबैभन्दा बढी र वित्तीय सेवा कम प्रभावित भएको छ ।


## ४.१ पर्यटन

कोभिड-१९ संक्रमणबाट उत्पन्न भएको असहज परिस्थितिका कारण पर्यटन क्षेत्रमा गहिरो असर पुगेको छ । अन्तर्राष्ट्रिय पर्यटक आगमन ठप्प प्राय:रहेको तथा आन्तरिक आवागमनमा समेत असर परेको कारण यस क्षेत्रमा प्रभाव पर्न गएको हो ।

यस प्रदेश अन्तर्गत काठमाडौं उपत्यकामा रहेका ठूला होटलको अकुपेन्सी न्यून रहेको छ । २०७७ को मंसिरसम्म यस्ता होटलको अकुपेन्सी औसतमा २.०९ रहेकोमा कोभिडको असर क्रमशः कम भएसँगै पुस, माघ र फागुन महिनामा औसत अकुपेन्सीमा सामान्य सुधार आई अकुपेन्सी ९.७९ प्रतिशत पुगेको थियो । २०७८ बैशाखदेखि पुनः कोभिडको दोस्रो लहरको अर्थतन्त्रमा प्रभाव पर्न गए सँगै अकुपेन्सी दरमा कमी आई औसत अकुपेन्सी ७.२३ मात्र रहेको छ ।

यस प्रदेश अन्तर्गत काठमाडौं बाहिर रहेका होटल व्यवसायमा क्रमशः सुधार भएको देखिएको छ । समीक्षा वर्षको चैतसम्म अकुपेन्सी दर न्यून रहेकोमा अकुपेन्सी दरमा क्रमशः सुधार आई असार महिनामा अकुपेन्सी दर ३७.२५ पुगेको छ । कोभिडको असर क्रमश न्यून हुँदै गएको, भ्याक्सिनको सहज उपलब्धता हुँदै गएको, सरकारले अनअराईभल भिसा दिने व्यवस्था गरेको, केही मुलुकले नेपाललाई नेगेटिभ सूचीबाट हटाएको, आन्तरिक पर्यटनमा उत्साह थपिएको लगायतका कारण यस क्षेत्रको विकासमा केही राहत हुने देखिएको छ । समीक्षा वर्षमा यस प्रदेशमा रहेका होटलले रोजगारी कटौती गरेको देखिएको छ । यस अवधिमा होटल क्षेत्रमा १८.३८ प्रतिशत रोजगारी कटौती भएको देखिएको छ ।

**चार्ट ४.१: आ.व. २०७७/७८ मा काठमाडौं उपत्यकामा रहेका होटलको अकुपेन्सी**




*स्रोतः स्थलगत सर्वेक्षण ।*

**बक्स ४: पर्यटन पूर्वाधार**

समुद्र सतहदेखि १४१ मिटरमा रहेको चितवनको गोलाघाटदेखि रसुवा जिल्लाको ७,२२९ मिटरको उचाईमा रहेको लाङटाङ हिमालसम्म फैलिएको यस प्रदेशमा पर्यटनको उच्च सम्भावना रहेको छ । संचालनमा रहेको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल यसै प्रदेशमा रहेकोले विदेशी पर्यटकको पहिलो गन्तव्यको रुपमा रहने काठमाडौं उपत्यका यसै प्रदेशमा पर्दछ । पर्यटकको लागि आकर्षक गन्तव्यमध्ये चितवनको सौराहा यसै प्रदेशमा पर्दछ ।

पशुपतिनाथ, बुढानिलकण्ठ, चाँगुनारायण, स्वयम्भूनाथ, बौद्धनाथ, गोसाईकुण्ड, कालिञ्चोकजस्ता धार्मिक स्थल मकवानपुरगढी, सिन्धुलीगढी, रसुवागढी जस्ता ऐतिहासिक गढी, विसहजारी ताल, इन्द्रसरोबर, गौरीशंकर हिमश्रृंखला यस प्रदेशमा रहेका प्रमुख पर्यटकीयस्थलहरु हुन् । भरतपुरको आँपटारी, काभ्रेपलाञ्चोकको धुलिखेल, चन्द्रागिरी, हेटौडाको मकवानपुरगढी र नुवाकोट दरबारमा जीपलाईन सञ्चालनमा रहेको छ भने सिन्धुपाल्चोकको भोटेकोशी नदीमा बन्जी जम्पिङ्ग तथा र्‍याफ्टिङ्ग संचालनमा रहेका छन् ।

यस प्रदेशले पूर्वाधार विकास, उत्पादन वृद्धि र रोजगारी विस्तारलाई कोभिडपश्चात् पुनरुत्थानको आधारको रुपमा लिएको छ । सिन्धुलीको मरिण, धादिङ्गको सल्यानटार, काभ्रेपलाञ्चोकको भकुण्डेबेंसी, रसुवाको रसुवागढी र दोलखाको जिरी सहरको सौन्दर्यकरण, एकीकृत शहरी विकास कार्यक्रम तथा गोसाईकुण्ड एकीकृत विकास परियोजना अन्तर्गत पदमार्ग, मन्दिर, पाटी, सार्वजनिक शौचालय निर्माणको लागि प्रदेश सरकारले बजेट व्यवस्था गरेको छ । साथै, ठूला सहरमा विद्युतीय बस संचालन गर्ने, शहरी वन कार्यक्रम संचालन गर्ने, तामाकोशी, भोटेकोशी र त्रिशुलीमा र्‍याफ्टिङ्ग, जुगल तथा गौरीशंकरमा साहसिक तथा पर्वतीय पर्यटन प्रवर्द्धन गर्ने, त्रिभुवन पार्कमा राजनैतिक संग्राहलय निर्माण गर्ने तथा दोलखा जिल्लाको डाङडुङे डाडामा फिल्म सिटी निर्माण गर्ने लक्ष्य लिएको छ ।

यस प्रदेशमा होटल हिलटन, सेराटन काठमाडौं, जिंक काठमाडौं, सी जी होटलजस्ता ठूला होटल निर्माणाधीन अवस्थामा रहेका छन् । निर्माणाधीन अवस्थामा रहेको नौविसे नागढुँगा सुरुङ्गमार्ग तथा बुटवल नारायणगढ सडक स्तरोन्नति गर्ने कार्यले यस प्रदेशको पर्यटन विकासमा महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ ।

विश्वव्यापी रुपमा फैलिएको कोभिड–१९ महामारीले पर्यटन क्षेत्रमा नकारात्मक असर पारेको छ । कोरोना भाइरसको दोस्रो लहर पश्चात अर्थतन्त्र चलायमान हुँदै गएकोले पर्यटन क्षेत्रमा समेत उत्साह देखिएको छ । कोभिड–१९ को महामारी र बन्दाबन्दीका कारण स्थगित पर्यटन पूर्वाधारहरुका कामले फेरी गतिलिन थालेको अवस्था छ ।

## ४.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन सङ्ख्या ३८.९ प्रतिशतले बढेको छ (तालिका ४.१) । गत वर्षको सोही अवधिमा सो सङ्ख्या २७.९ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशनबापतको राजस्व ५८.८ प्रतिशतले बढेर रु.२५ अर्ब ५९ करोड कायम भएको छ । गत वर्षको सोही अवधिमा यस्तो राजस्व १८.९ प्रतिशतले घटेको थियो ।

समीक्षा वर्षमा घर/भवन नक्सापास सङ्ख्या ७.६ प्रतिशतले बढेको छ (तालिका ४.१) ।

**तालिका ४.१ : सार्वजनिक निर्माण तथा रियलस्टेट**


| | २०७७ असार | २०७८ असार | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन सङ्ख्या | ९५,०५६ | १३२,०७९ | ३८.९५ |
| घर/भवन स्थायी नक्सा पास सङ्ख्या | २५,०५५ | २६,९६१ | ७.६१ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.करोडमा) | १६,११२ | २.५५९३ | ५८.८४ |

*स्रोत : मालपोत कार्यालय तथा महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका कार्यालय ।*

## ४.३ वित्तीय सेवा

यस प्रदेशमा आर्थिक वर्ष २०७८ असार मसान्तसम्ममा वाणिज्य बैंकका १६६४, विकास बैंकका, २९५ वित्त कम्पनीका ९५ तथा लघुवित्त वित्तीय संस्थाका ६८१ गरी जम्मा २७३५ शाखा सञ्चालनमा रहेका छन् । यस मध्ये काठमाडौं जिल्लामा सबैभन्दा बढी (१०५१) तथा रसुवा जिल्लामा सबैभन्दा कम (४८) शाखा सञ्चालनमा रहेका छन् (चार्ट ४.२) ।

**चार्ट ४.२ : बैंक तथा वित्तीय संस्थाका शाखाहरुको जिल्लागत उपस्थिति**





*स्रोत: नेपाल राष्ट्र बैंक ।*

२०७४ को मौद्रिक नीतिमा सबै स्थानीय तहमा बाणिज्य बैंकको शाखा स्थापना गर्नुपर्ने व्यवस्था पश्चात बागमती प्रदेशमा ६५ नयाँ शाखाहरु स्थापना भएका छन् । यी शाखाहरुले २०७८ असार मसान्तसम्ममा कुल निक्षेप रु.१४ अर्ब २६ करोड परिचालन गरेका छन भने रु.४ अर्ब ७५ करोड कर्जा प्रवाह गरेका छन् । त्यसैगरी, यी स्थानीय तहमा खुलेका नयाँ शाखाहरुले २७३ जनालाई रोजगारी प्रदान गरेका छन् ।

बैंक तथा वित्तीय संस्थाले यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप २०७७ असार मसान्तको तुलनामा १९.२८ प्रतिशतले वृद्धि भई २०७८ असार मसान्तमा रु.३२ खर्ब ८ अर्ब ३५ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप १९.७७ प्रतिशतले वृद्धि भएको थियो ।

**चार्ट ४.३: निक्षेप तथा कर्जा स्थिति (रु.दश लाखमा)**




*स्रोतः नेपाल राष्ट्र बैंक।*

२०७८ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा २०७७ असार मसान्तको तुलनामा २८.५ प्रतिशतले वृद्धि भई रु.२३ खर्ब ५२ अर्ब ७० करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो कर्जा १९.७ प्रतिशतले वृद्धि भएको थियो। २०७८ असार मसान्तमा कर्जा निक्षेप अनुपात ७३.३ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अनुपात ६८.० प्रतिशत रहेको थियो।

### ४.३.१ फण्ड ट्रान्सफर

समीक्षा वर्षमा बागमती प्रदेशमा रहेका १० वटा नोटकोषमध्ये सिन्धुली जिल्लामा रहेका नोटकोषमा जनकपुर कार्यालयबाट रु.८० करोड, मकवानपुर र चितवन जिल्लामा रहेका नोटकोषमा वीरगंज कार्यालयबाट रु.८ अर्ब ५१ करोड र बाँकी जिल्लाहरु (दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ, नुवाकोट, काभ्रेपलाञ्चोक र रामेछाप )मा रहेका नोटकोषमा मुद्रा व्यवस्थापन विभागबाट रु.१० अर्ब २१ करोड फण्ड ट्रान्सफर भएको छ। गत वर्षको सोही अवधिमा रु.१५ अर्ब २५ करोड फण्ड ट्रान्सफर भएको थियो।

## ४.४ शिक्षा

समीक्षा वर्षमा बागमती प्रदेशमा कुल विद्यालय (सरकारी/समुदायिक, संस्थागत/निजी, प्राविधिक) सङ्ख्या ७,१७१ पुगेको छ। त्यसैगरी २०७८ असारमसान्तसम्म यस प्रदेशमा कुल ८१ वटा क्याम्पसहरु रहेका छन्। २०७८ असारमसान्तमा सरकारी/सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या ३.० प्रतिशतले वृद्धि भएको छ भने संस्थागत/निजी विद्यालयमा विद्यार्थी संख्या ६.३ प्रतिशतले घटेको छ। यस प्रदेशमा रहेका शैक्षिक संस्थाहरुमा कुल ५५ हजार ८ सय ६८ शिक्षकहरु कार्यरत रहेका छन्।

## ४.५ स्वास्थ्य

२०७८ असार मसान्तसम्म बागमती प्रदेशमा सरकारी र निजी अस्पतालको सङ्ख्या २०० रहेको छ भने २०७७ असार मसान्तमा कुल १९२ अस्पतालहरु रहेका थिए। समीक्षा अवधिमा सरकारी अस्पतालमा कार्यरत चिकित्सक सङ्ख्या १.२ प्रतिशतले वृद्धि भएको छ भने निजी अस्पतालहरूमा कार्यरत चिकित्सक सङ्ख्या २.३ प्रतिशतले वृद्धि

भएको छ। त्यसैगरी, यस प्रदेशमा रहेका अस्पतालमा भएका शैया सङ्ख्याहरू पनि वृद्धि भएको देखिन्छ। कोभिड–१९ को महामारीका कारण अस्पताल तथा शैया सङ्ख्याहरु बढेको देखिन्छ।

## ४.६ यातायात

२०७८ असार मसान्तसम्ममा बागमती प्रदेशमा सवारी दर्ता सङ्ख्या १३.५ प्रतिशतले वृद्धि भई २१ लाख ७० हजार ८ सय ८९ पुगेको छ। यस मध्ये मोटरसाईकल सङ्ख्या ३१.७ प्रतिशत तथा अन्य सवारी साधन सङ्ख्या ७.१ प्रतिशतले वृद्धि भएको छ।

## ४.७ सञ्चार क्षेत्र

समीक्षा वर्षमा नेपाल टेलिकमद्वारा वितरित टेलिफोन सङ्ख्या ४२ लाख २० हजार ५३ रहेको छ भने एनसेलद्वारा वितरित टेलिफोन सङ्ख्या २५ लाख १५ हजार ३ सय ४ रहेको छ। यस प्रदेशमा कुल टेलिफोन पँहुच ६६.५[†] प्रतिशत छ। त्यसैगरी, ४० लाख ८० हजार ७ सय ९७ मा कुल इन्टरनेट सेवा वितरित भएको छ।

## ४.८ सेवा क्षेत्र कर्जा

२०७८ असार मसान्तसम्म यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २३.५ प्रतिशतले वृद्धि भई रु.९ खर्ब २१ अर्ब ५४ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा २१.६ प्रतिशतले बढेको थियो। कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ३८.८ प्रतिशत रहेको छ।

कुल सेवा क्षेत्र कर्जामध्ये वित्त, बीमा तथा अचल सम्पत्ति क्षेत्रमा प्रवाहित कर्जा सबैभन्दा बढी (३०.९ प्रतिशत)ले वृद्धि भएको छ भने यातायात, भण्डारण र सञ्चार क्षेत्रमा सबैभन्दा कम (३.१३ प्रतिशत)ले वृद्धि भएको छ। यसैगरी, अन्य सेवा क्षेत्रमा १४.९४ प्रतिशत, थोक तथा खुद्रा विक्रेता क्षेत्रमा २४.७ प्रतिशत र पर्यटन क्षेत्रमा २७.८ प्रतिशतले वृद्धि भएको छ।

**तालिका ४.३: जिल्लागत सेवा क्षेत्र कर्जा**

| जिल्ला | रकम (रू दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | १,७७८.५८ | ०.२ |
| सिन्धुपाल्चोक | १,७३०.६० | ०.२ |
| रसुवा | ७३९.०६ | ०.१ |
| धादिङ | ८,५२५.०१ | ०.९ |
| नुवाकोट | ५,२४३.१२ | ०.६ |
| काठमाडौं | ७४६,९५०.१६ | ८१.१ |
| भक्तपुर | १५,०५३.६८ | १.६ |
| ललितपुर | ५०,२३७.२६ | ५.५ |
| काभ्रेपलाञ्चोक | १४,२०४.२७ | १.५ |
| रामेछाप | १,६४८.३६ | ०.२ |
| सिन्धुली | ४,००९.५० | ०.४ |
| मकवानपुर | १८,७९४.८८ | २.० |
| चितवन | ५२,६२६.११ | ५.७ |
| जम्मा | ९२१,५४०.५९ | १०० |

*स्रोत: नेपाल राष्ट्र बैंक।*

सेवा क्षेत्र अन्तर्गत प्रवाह भएको कर्जामा काठमाडौं जिल्लाको अंश सबैभन्दा बढी ८१.१ प्रतिशत र रसुवा जिल्लाको अंश सबैभन्दा कम ०.१ प्रतिशत रहेको छ (तालिका ४.३)।

[†] कुल टेलिफोन प्रयोगकर्ता संख्यालाई केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको तथ्याङ्कीय झलक २०७८ बाट बागमती प्रदेशको जनसंख्याले भाग गरी निकालिएको।

## ४.९ सहकारी

समीक्षा वर्षमा यस प्रदेशका नमुना अध्ययन छनौटमा समेटिएका १० वटा सहकारीहरुको २०७८ असार मसान्तसम्म कुल पुँजी रु.३ अर्ब ७२ करोड रहेको छ (तालिका ४.४)। त्यसैगरी यी सहकारी संस्थाहरूमारु.१७ अर्ब ६२ करोड कुल बचत रहेको छ भने कुल ऋण रु.१४ अर्ब २७ करोड रहेको छ । यी सहकारी संस्थाहरूमा कुल बचत २०७७ असार मसान्तको तुलनामा १४.० प्रतिशत र कुल कर्जा ८.१ प्रतिशतले वृद्धि भएको छ । अध्ययनमा समेटिएका सहकारी संस्थाहरुको २०७८ असार मसान्तसम्म कुल ७१,०४१ सदस्यहरु र कुल ४७४ जना कर्मचारीहरु रहेका छन् । समीक्षा वर्षमा छनौटमा समेटिएका सहकारी संस्थाहरुमा कर्मचारी सङ्ख्या ०.५ प्रतिशतले घटेको छ ।

**तालिका ४.४: छनौटमा परेका १० सहकारी संस्थाहरूको असार मसान्तसम्मको विवरण**

| विवरण | दुई वर्ष अघि | गत अवधि | समीक्षा अवधि | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | | |
| कुल पूँजी ( रु.करोडमा) | २८९.५७ | ३३२.५७ | ३७२.०४ | १४.८५ | ११.८७ |
| कुल बचत(रु. करोडमा) | १३९०.३५ | १५३८.०३ | १७६२.९९ | १०.६२ | १४.६३ |
| कुल ऋण(रु. करोडमा | ११९१.८६ | १३२०.८३ | १४२७.३९ | १०.८२ | ८.०७ |
| सदस्य सङ्ख्या | ६५८२८ | ६८८७७ | ७१०४१ | ४.९५ | १.८६ |
| कर्मचारी सङ्ख्या | ४६६ | ४७६ | ४७४ | ४.९९ | -०.५३ |

*स्रोत: अध्ययन क्षेत्रका सहकारी संस्थाहरू ।*

**बक्स ५: राष्ट्रिय सहकारी बैंक लिमिटेडको वित्तीय अवस्था**

नेपालमा सहकारी क्षेत्रको क्षमता अभिवृद्धिका लागि गुणस्तरीय वित्तीय सेवा प्रदान गर्ने उद्देश्यले सन् २००३ मा राष्ट्रिय सहकारी बैंक लिमिटेडको स्थापना भएको थियो । आधुनिक प्रविधि र उपकरणहरुको प्रयोग गर्दै राष्ट्रिय सहकारी बैंकले सदस्य सहकारी संस्थाहरुलाई थोक वित्तीय सेवा प्रदान गर्दै आएको देखिन्छ । आ.व. २०७७/७८ को असार मसान्तसम्म यस बैंकका ६८ शाखाहरु सञ्चालनमा रहेका छन् । त्यसैगरी, यस संस्थामा आ.व. २०७७/७८ सम्ममा कुल १३,७१२ सदस्यहरु रहेका छन् । पछिल्लो पाँच वर्षको तुलनात्मक प्रवृत्ति हेर्दा यस संस्थाको कुल निक्षेप र कर्जा बढ्दो क्रममा रहेको छ । आ.व.२०७७/७८ को असार मसान्तसम्म कुल निक्षेप रु.६६ अर्ब ३४ करोड रहेको छ भने कुल कर्जा प्रवाह रु.३५ अर्ब ९१ करोड रहेको छ ।

| विवरण | संस्थाको नाम : श्री राष्ट्रिय सहकारी बैंक लिमिटेड | | | | |
|---|---|---|---|---|---|
| | चार वर्ष अघि | तीन वर्ष अघि | दुई वर्ष अघि | गत अवधि | समीक्षा अवधि |
| | आ.व. २०७३/७४ (असार मसान्तसम्म) | आ.व. २०७४/७५ (असार मसान्तसम्म) | आ.व. २०७५/७६ (असार मसान्तसम्म) | आ.व. २०७६/७७ (असार मसान्तसम्म) | आ.व. २०७७/७८ (असार मसान्तसम्म) |
| कुल पूँजी (रु. करोडमा) | ८६.२० | १०४.२० | १५७.८० | २२२.३० | २,८७३.२० |
| कुल बचत (रु. करोडमा) | १,४०३.१० | १,९९६.२० | २,७९७.८० | ४,६८८.३० | ६,६३४.२० |
| कुल कर्जा(रु. करोडमा) | ९०५.९० | १,२८८.६० | १,९५४.०० | २,७१५.२० | ३,५९१.०० |
| सदस्य सङ्ख्या | ९,१७५ | ९,९१२ | ११,१२५ | १२,०४६ | १३,७१२ |
| कर्मचारी सङ्ख्या | २०७ | २०३ | २६० | २९१ | २८९ |
| शाखा सङ्ख्या | ३७ | ४४ | ४४ | ६८ | ६८ |

*स्रोत: राष्ट्रिय सहकारी बैंक लिमिटेड*

## ४.१० सरकारी वित्त

- आर्थिक वर्ष २०७७/७८ मा बागमती प्रदेश सरकारले कुल रु.५१ अर्ब ४३ करोड बजेट बिनियोजन गरेकोमा आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशको विवरण अनुसार आ.व. २०७७/७८ मा रु.४८ अर्ब ५२ करोड खर्च भएको देखिन्छ। उक्त रकम कुल विनियोजनको ९४.३ प्रतिशत रहेको छ। चालु खर्चतर्फ बिनियोजनको ५५.२ प्रतिशत र पुँजीगत खर्चतर्फ विनियोजनको ७९.६ प्रतिशत खर्च भएको देखिन्छ।
- बागमती प्रदेश सरकारले आ.व. २०७७/७८ मा आन्तरिक स्रोत र राजश्व बाँडफाँड गरी कुल राजश्व रु.२८ अर्ब १३ करोड अनुमान गरेकोमा २०७८ असार मसान्तसम्म रु.२४ अर्ब ६३ करोड राजश्व परिचालन गरेको छ जुन कुल राजश्व अनुमानको ८७.६ प्रतिशत हो ।
- आ.व. २०७७/७८ मा बागमती प्रदेश सरकाले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१७ अर्ब ८६ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०७८ असार मसान्तसम्म कुल रु.१६ अर्ब ९१ अर्ब अनुदान प्राप्त गरेको छ ।

**तालिका ४.४: सरकारी वित्त स्थिति***

| शीर्षक | बजेट | यथार्थ | प्रतिशत |
|---|---|---|---|
| कुल खर्च | ५१.४३ | ४८.५२ | ९४.३४ |
| चालु | २६.२९ | १४.५१ | ५५.२० |
| पुँजीगत | २५.१४ | २०.०१ | ७९.५८ |
| वित्तिय | ०.०० | १४.०० | - |
| राजस्व | २८.१३ | २४.६३ | ८७.५५ |
| अनुदान | १७.८६ | १६.९१ | ९४.७१ |

स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश
* बजेट र यथार्थको रकम रु.अर्बमा प्रस्तुत गरिएको ।

## ४.११ सेवा क्षेत्रको चुनौती र सम्भावना

### ४.११.१ चुनौती

- सिन्धुपाल्चोकको बाढीले त्यस जिल्लामा रहेको रिर्सोट, होटल, सडक, भवन, पुल लगायतका संरचना बगाउँदा भुकम्पको महामारीबाट उकासिन लागेको पर्यटन, यातायात लगायतका व्यवसाय संकटमा पर्नु तथा बैंक तथा वित्तीय संस्थाहरूको कर्जा लगानी उठाउनु ।
- कोभिड–१९ महामारीले अति प्रभावित शिक्षा, पर्यटन र यातायात क्षेत्रको पुनरुत्थान गर्नु ।
- औषधी, उपचार तथा स्वास्थ्यकर्मी लगायत स्वास्थ्य क्षेत्रको स्रोत साधन कोभिड–१९ व्यवस्थापनमा परिचालन भएकोले अन्य रोगको उपचारलाई सहज बनाउनु ।
- विद्युतीय भुक्तानी, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा र अन्य वित्तीय साधनको उपलब्धताबारे जनचेतना जगाउने तथा लक्षित वर्गमा सहज पहुँचका लागि संयन्त्रको विकास गर्नु ।
- यस प्रदेशका अधिकाँश होटलको अकुपेन्सी कम देखिएकोले पर्यटन क्षेत्रको पुनरुथान गरी यस क्षेत्रको व्यवसाय र रोजगारी प्रवर्द्धन गर्नु ।

### ४.११.२ सम्भावना

- यस प्रदेशभित्र काठमाडौं उपत्यका, चितवनको सौराहा, स्याफ्रुबेंसी, हेलम्वु लगायतका पर्यटकीय क्षेत्र भएकोले पर्यटन पूर्वाधारमा लगानी गरी पर्यटनको विकास गर्न सकिने प्रवल सम्भावना रहेको ।
- कोभिड १९ संक्रमणको कारण जमघट, भिडभाड गर्न बन्देज भएसँगै दैनिक आवश्यक वस्तुको अनलाइन डेलिभरी तथा भुक्तानी कारोबार फस्टाएको परिप्रेक्षमा चिकित्सकीय परामर्श, सरकारी तथा निजी सेवा क्षेत्र लगायतका सेवा प्रदायक क्षेत्रमा पनि अनलाइन कारोबार गर्न सकिने सम्भावना बढेको ।
- तुलनात्मक रुपमा शैक्षिक पूर्वाधार र सूचना प्रविधिमा पहुँच राम्रो रहेको, शिक्षामा निजी क्षेत्रको आकर्षण राम्रो रहेको, काठमाडौं र चितवन शिक्षाको हवको रुपमा रहेको परिप्रेक्ष्यमा कोरोना महामारीका कारण अनलाइन शिक्षाको महत्व बढेकोले हालको शिक्षा प्रणालीसँग समानान्तर रूपमा इ-लर्निङतर्फ जान सकिने सम्भावना बढेको । यसका कारण डिजिटल पूर्वाधार तयार गर्न सकिने अवसर सृजना भएको ।
- नेपालको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल यसै प्रदेशमा रहेको र अन्य प्रदेशको तुलनामा सबैभन्दा बढी पर्यटकीय सुबिधा भएको सन्दर्भमा संस्कृतिक तथा जैविक भ्रमणका साथै साहसिक पर्यटन (र्‍याफ्टिङ, प्याराग्याइडिङ, कयानोनिङ, कायाकिङ) र हिमाल पदमार्ग (गणेश हिमाल पदमार्ग, लाङटाङ-जुगल हिमाल पदमार्ग) प्रोत्साहन गरी पर्यटनको गन्तव्य विविधीकरण र बसाई अवधि लम्ब्याउन सकिने सम्भावना रहेको ।
- प्रदेश प्रमुख कोभिड-१९ खोप कार्यक्रममार्फत यस प्रदेशभित्रका सबै नागरिकहरुलाई खोप उपलब्ध गराउने व्यवस्थाले कोभिड-१९ को असर विस्तारै घटदै गई स्वास्थ्य जोखिम कम हुँदै जाने र यसले पर्यटन लगायतका आर्थिक गतिविधिहरू बढाउने सम्भावना रहेको ।

- बागमती प्रदेश डिजिटल प्रदेश भन्ने सोच सहित यातायात व्यवस्थापन, सवारी चालक अनुमतिपत्र, उद्योग, वाणिज्य, व्यवसाय दर्ता लगायत सेवालाई विद्युतीय माध्यमबाट प्रवाह गर्ने व्यवस्थाले यस प्रदेशको सार्वजनिक सेवा प्रवाहमा सुधार हुने सम्भावना रहेको ।
- तीव्र शहरीकरण भइरहेकोले सार्वजनिक यातायातलाई व्यवस्थित गरी रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको ।
- मेट्रोरेल, मोनोरेल, ट्रली, जल यातायात लगायतका आधुनिक यातायातका सेवाहरु संचालन गर्न सकिने सम्भावना रहेको ।
- शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवाहरुको गुणस्तर सुधार गरी यस्ता क्षेत्रहरुलाई थप विस्तार गर्न सकिने सम्भावना रहेको ।
- निजी क्षेत्रको लगानीमा रियल स्टेट इन्भेष्टमेन्ट ट्रस्ट खडा गरी यस्ता ट्रष्टमार्फत ठूला व्यवसायिक भवनहरु निर्माण गरी काठमाण्डौं, चितवन, हेटौडा जस्ता शहरी क्षेत्रहरुमा शिक्षा, स्वास्थ्य, होटल, डिपार्टमेन्टल स्टोर, डाटा सेन्टर, सरकारी तथा निजी कार्यालय संचालनका लागि यस्ता भवनहरु लिजमा लगाई रेन्टिङ्ग व्यवसाय विस्तार गर्न सकिने सम्भावना रहेको ।
- वण्ड, डिवेन्चर, रिट्स इक्विटि (REITS Equity) जस्ता विविध किसिमका वित्तीय उपकरणहरु जारी गरी पुँजी परिचालन गर्ने र वास्तविक क्षेत्रमा संचालित उद्योगहरुलाई वित्तीय बजारमा ल्याई पुँजी बजारलाई विस्तार गर्न सकिने सम्भावना रहेको ।

# परिच्छेद ५ : पूर्वाधार र रोजगारी

## ५.१ पूर्वाधार क्षेत्र

पूर्वाधार निर्माण क्षेत्रमा सडक विभाग, जिल्ला पूर्वाधार विकास कार्यालय, स्थानीय तह, भवन निर्माण कार्यालय जस्ता संयन्त्रहरू क्रियाशिल रहेका छन् । यी सबै संस्थाबाट निर्माण भएका पूर्वाधारका तथ्याङ्कहरु एकीकृत रुपमा पाउन समस्या रहेको छ ।

आ.व. २०७७/७८ मा पूर्वाधार विकास कार्यालय ललितपुरले २०.०५ किलोमिटर सडक सम्पन्न गरेको छ भने पूर्वाधार विकास कार्यालय काठमाण्डौंले ३९.२ किलोमिटर थप सडक निर्माण गरेको छ ।

पूर्वाधार विकास कार्यालय रामेछापले समीक्षा वर्षमा ४२.८ किलोमिटर सडक कालोपत्रे गरेको छ । यस कार्यालयबाट सम्पन्न भएका आयोजनामा मन्थली गाल्वा चौरीखोला सडक (१६ कि.मि), सिल्खा भिरपानी गोगनपानी फुल्पा धुले गमर्पा, भदौरे हुँदै भोटनागी सडक (१०.३ कि.मि.) उल्लेखनीय अयोजना रहेका छन् ।

पूर्वाधार विकास कार्यालय सिन्धुपाल्चोकका अनुसार यस कार्यालयमार्फत निर्माण हुने प्रादेशिकतर्फ ८४, संघीय सशर्त अनुदानतर्फ २३ र समपूरक अनुदानतर्फ ३ गरी ११० वटा आयोजना रहेकोमा १०१ वटा आयोजनाको ठेक्का सम्झौता भएको छ। प्रदेश सरकारको गठनपश्चात् सिन्धुपाल्चोक जिल्लामा ४० किलोमिटर सडक ग्राभेल, ३८.४ किलोमिटर सडक कालोपत्रे तथा १०.८ किलोमिटर सडक ढलान भएको छ । प्रदेश सरकारको गठन पश्चात् दोलखा जिल्लामा ९ किलोमिटर ग्राभेल, १० किलोमिटर कालेपत्रे सडक थप भएको छ ।

सडक डिभिजन कार्यालय भरतपुरका अनुसार चितवन जिल्लामा आर्थिक वर्ष २०७७/७८ मा २० किलोमिटर कच्ची र ६० किलोमिटर पक्की गरी ८० किलोमिटर सडक थप विस्तार भएको छ ।

### ५.१.१ अर्थतन्त्रमा प्रभाव पार्ने ठूला आयोजना :

यस प्रदेशमा संचालित अर्थतन्त्रमा प्रभाव पार्ने ठूला आयोजनाको समीक्षा वर्षमा रहेको स्थिति निम्नानुसार रहेको छ ।

#### माथिल्लो तामाकोशी जलविद्युत आयोजना

माथिल्लो तामाकोशी जलविद्युत आयोजना दोलखा जिल्लाको विगु गाउँपालिकामा रहेको छ। यो आयोजना स्वदेशी लगानीमा निर्मित नेपालको हालसम्मकै ठूलो जलविद्युत परियोजना हो । यस आयोजनाको कुल जडित क्षमता ४५६ मेगावाट रहेको छ । नेपाल सरकारबाट राष्ट्रिय गौरबको आयोजनामा छनौट गरिएको यो जलविद्युत आयोजनाको पूर्वाधार निमार्ण कार्य आर्थिक वर्ष २०६७/६८ बाट शुरु भएको हो ।

#### अवस्था र प्रगति

आ.व. २०६७/६८ मा शुरू भएको माथिल्लो तामाकोशी जलविद्युत आयोजना २०७७/७८ मा सम्पन्न भएको छ । यस आयोजनाको  आ.व. २०७७/७८ सम्मको भौतिक प्रगति १०० प्रतिशत र वित्तीय प्रगति ९८.७ प्रतिशत भएको देखिन्छ । यस जलविद्युत आयोजनाको ६ वटै यूनिटबाट ४५६ मेगावाट विद्युत उत्पादन हुन थालेको छ । यसरी उत्पादित बिजुली ४७ कि.मि लामो २२० के.भी. प्रसारण लाइनबाट राष्ट्रिय प्रसारण ग्रीड  प्रणालीमा आबद्ध गरिएको छ ।

### खर्च

यस आयोजनाको शुरू कुल अनुमानित लागत कूल रु.४९ अर्ब, ब्याज बाहेक रु.३५ अर्ब २९ करोड (४४१ मिलियन अमेरिकी डलर) र ब्याज रु.१४ अर्ब रहेको थियो । त्यसैगरी सम्पन्न हुदाँसम्म लागत बढेर रु.८४ अर्ब ब्याज बाहेक रु.५२ अर्ब (५९० मिलियन अमेरिकी डलर) र ब्याज रु.३२ अर्ब पुग्ने अनुमान गरिएको छ ।

### पूँजी संरचना

यस आयोजनाको पुँजी संरचनामा नेपाल विद्युत प्राधिकरणको ४१ प्रतिशत, नेपाल दुरसञ्चार कम्पनी लिमिटेडको ६ प्रतिशत, नागरिक लगानी कोषको २ प्रतिशत र राष्ट्रिय बिमा संस्थाको २ प्रतिशत लगानी रहेको छ ।

### समस्या र अनुभव

माथिल्लो तामाकोशी जलविद्युत आयोजना तोकिएको समय र लागतमा सम्पन्न हुन सकेन । पाँच वर्षमा सकिने लक्ष्य राखिएतापनि आयोजना ११ वर्षमा सम्पन्न भएको छ । साथै, अनुमानित लागत रु.३५ अर्ब रहेको भएतापनि आयोजना सम्पन्न हुँदासम्म रु.८४ अर्ब खर्च भएको छ । आयोजनाको मुख्य सुरुङको डिजाइन परिवर्तनका कारण निर्माण तथा सम्पन्न हुनमा ढिलाई भएको देखिन्छ । त्यसैगरी, २०७२ सालको भुकम्प, नाकाबन्दी, सडक स्तरोन्नतिको कारण ढुवानीमा आएको अवरोध, हाइड्रो मेकानिकल कार्यका ठेकेदारको कमजोर कार्यसम्पादन तथा कोरोना महामारीले अयोजनालाई प्रभाव पारेको देखिन्छ । थप उपकरणको अभाव तथा ढुवानीमा समस्या, दक्ष प्राविधिक ल्याउनमा कठिनाई, नयाँ श्रम कानुनका कारण चिनियाँ नागरिकको भिसामा आएको समस्या, विदेशी विनिमयको उतार चढावका कारण लागतमा वृद्धि र नगद प्रवाह जस्ता समस्या भएको देखिन्छ ।

### आर्थिक प्रभाव

नेपालमा प्रतिदिन वर्षातको समयमा समेत ६ हजार देखि ७ हजार मेगावाट प्रतिघण्टा विद्युत भारतबाट आयात गर्नु परिरहेको सन्दर्भमा माथिल्लो तामाकोशी आयोजना पूर्ण क्षमतामा चल्दा ९ हजार मेगावाट प्रतिघण्टा विद्युत उत्पादन हुने भएकोले मुजफ्फरपूर-ढल्केबरबाट आयात गरेको बिजुली प्रतिस्थापन हुने र प्रणालीमा बढी भएको खण्डमा सो प्रणालीबाट निर्यातसमेत गर्न सकिने सम्भावना रहेको छ ।

यो आयोजनाको निर्माणसँगै पेट्रोलियम पदार्थको आयात प्रतिस्थापन गरी ब्यापार घाटा न्यूनीकरण गर्न सकिने सम्भावना रहेको छ ।

उद्योगहरुको माग अनुसार विद्युत उपलब्ध गर्न सकिने हुनाले औद्योगिक उत्पादनको लागत घटने तथा उद्योगहरुको क्षमता उपयोग समेत सुधार हुने सम्भावना रहेको छ ।

नेपालको पूर्ण लगानी तथा प्राविधिक सुपरिवेक्षणमा बनाएको यस आयोजनाले नयाँ आयोजनाको लागि आत्मबल बढाउनुका साथै दक्ष जनशक्ति उत्पादन गर्न र प्राविधिक ज्ञान वृद्धि गर्न समेत मद्दत गरेको छ ।

## मेलम्ची खानेपानी आयोजना

काठमाडौं उपत्यकाको विद्यमान खानेपानी समस्या समाधान गर्न चरणबद्ध रुपमा दैनिक ५१ करोड लिटर खानेपानी उपलब्ध गराउन नेपाल सरकारबाट राष्ट्रिय गौरवका आयोजनामा छनौट गरिएको यस आयोजनाले उपत्यकाको ३० लाख जनसंख्यालाई खानेपानी उपलब्ध गराउने लक्ष्य राखेको छ । सिन्धुपाल्चोकको मेलम्चीबाट २६ कि.मि. सुरूङमार्फत पहिलो चरणमा दैनिक १७ करोड र दोस्रो चरणबाट ३४ करोड लिटर पानी प्रशोधन गरी वितरण गर्ने लक्ष्य रहेको छ । यस आयोजनाले परीक्षण कार्य समेत गरिसकेको अवस्थामा मेलम्चीमा आएको बाढीले आयोजनाको पूर्वाधारमा क्षति पुर्‍याएकोले आयोजना फेरी अनिश्चित हुन पुगेको छ ।

### अवस्था र प्रगति

आ.व. २०५५/५६ मा शुरू भएको मेलम्ची खानेपानी आयोजनाको आ.व २०७०/७१ मा सम्पन्न हुने प्रारम्भिक लक्ष्य भएतापनि दोस्रो चरणको सम्पन्न गर्ने लक्ष्य भने आ.व. २०८०/८१ रहेको छ । यस आयोजनाको हालसम्मको

भौतिक प्रगति ९९.८८ प्रतिशत र वित्तीय प्रगति ९१.९१ प्रतिशत रहेको छ । त्यसैगरी, यस आयोजनाको थोक वितरण प्रणालीको प्रगति ९९.८८ प्रतिशत रहेको छ ।

### खर्च

यस आयोजनाको कुल अनुमानित लागत रु.३१.३६ अर्ब, मुआब्जा खर्च रु.१ अर्ब १२ करोड र सामाजिक उत्थान खर्च रु.९५ करोड रहेको छ ।

### पुँजी संरचना

यस आयोजनामा नेपाल सरकारको ३३ प्रतिशत, एसियाली विकास बैंकको ४६ प्रतिशत र अन्य दातृ निकाय (जाइका, नोर्डिक सहायता कोष, ओपेक) को २१ प्रतिशत लगानी रहेको छ ।

### समस्या र अनुभव

मेलम्ची खानेपानी आयोजना शुरू भएको दुई दशकसम्म पनि पूर्ण रूपले सम्पन्न हुन सकेको छैन । यस आयोजनाको अनुमानित लागत रु.१७ अर्ब ४३ करोड बाट बढेर रु.३१ अर्ब ३६ करोड पुगिसकेको छ । यस वर्ष आएको बाढीका कारण आयोजनामा क्षति पुगेको र थप रु.१ अर्ब ८८ करोड खर्च हुने अनुमान रहेको छ । त्यसैगरी, चाइना रेलवे कम्पनी, इटालियन निर्माण कम्पनी CMC सँग कार्य अगावै ठेक्का तोडिएको थियो । जसका कारण बैंक ग्यारेण्टी जफत सम्बन्धी मुद्दा अदालतमा कारबाही चलेको थियो । कोभिड–१९ का कारण निर्माण सामग्री तथा उपकरण आयात र जनशक्ति तथा परामर्शदाता परिचालनमा कठिनाई भएको छ । सुरूङ परीक्षणका लागि पानी पथान्तरण गर्ने क्रममा दुर्घटना भई परीक्षण स्थगित भएको थियो । बाढी पहिरोका कारण हेडवर्क्स, आयोजनासम्म पुग्ने मार्ग लगायतका भौतिक संरचनामा क्षति पुग्न गएकोले मेलम्ची आयोजनालाई पुन संचालनमा ल्याउनु चुनौतीपूर्ण रहेको छ ।

### बाढी पछिको अवस्था

मेलम्ची नदीमा आएको बाढीले अम्बाथानस्थित हेडवर्क्स नजिकैको क्याम्प साइटमा व्यापक क्षति पुगेको छ । आयोजनाको क्याम्पहरू, उपकरणहरू, निर्माण सामाग्रीहरू, पहुँच सडकहरू र पुलहरूलाई पनि बगाएको छ भने मुख्य सुरूङ तथा पानी प्रशोधन केन्द्रमा गम्भीर क्षति पुगेको देखिदैन ।

## नागढुंगा नौविसे सुरूङ मार्ग

देशको अन्य भागबाट काठमाडौ उपत्यका भित्रिन प्रयोग हुने मुख्य नाका नागढुंगामा नागढुंगा नौविसे सुरूङ मार्ग निर्माणको क्रममा रहेको छ । काठमाडौंको थानकोट दहचोकदेखि धादिङको सिस्ने खोलासम्म २.६८ किलोमिटर लामो सुरूङ्ग मार्ग निर्माण गर्ने लक्ष्य रहेको छ । ३.५ मिटरका दुइवटा लेन र १.५ मिटर चौडाइको इमर्जेन्सी ट्र्याक रहने यस सुरुङको चौडाइ ९.५ मिटर र उचाइ ५ मिटरको हुनेछ । सुरूङमार्ग बन्न काठमाडौ खण्डमा पर्ने २६७ रोपनी र धादिङ खण्डमा पर्ने १०९ रोपनी जमीन अधिकरण गर्नुपर्ने छ । जापान सहयोग नियोग (जाइका) को सहुलियत ऋणबाट निर्माण हुन लागेको यस मार्ग ४२ महिनामा सम्पन्न गरी नेपाललाई हस्तान्तरण गर्नका लागि ठेक्काको जिम्मा जापानी कम्पनी हाज्माले पाएको छ । सुरुङ मार्गमा इन्धन बोक्ने गाडी तथा मोटरसाइकललाई प्रवेश निषेध गर्ने सरकारको योजना रहेको छ ।

### बजेट

यस आयोजनाको कुल अनुमानित लागत रु.१७.०९ अर्ब (मुआब्जाबाहेक) रहेको छ । मुआब्जा रकम सरकारले आफ्नो स्रोतबाट र सुरूङ निर्माण जाइकाको सहुलियत ऋणबाट उपयोग गरिनेछ । आ.व. २०७७/७८ को संशोधित बजेट रु.४.९० अर्ब रहेकोमा आ.व. २०७७/७८ को कुल खर्च रु.२.१ अर्ब रहेको छ ।

**अवस्था र प्रगति**

नागढुंगा नौविसे सुरूङ मार्गको आ.व. २०७७/७८ सम्मको कुल भौतिक प्रगति १५.५० प्रतिशत र कुल वित्तीय प्रगति १०.५० प्रतिशत रहेको छ । आ.व. २०७७/७८ सम्म मुख्य सुरूङ ३०२ मिटर (खन्ने काम) र सहायक इभ्याकुएसन सुरूङ ५८९ मिटर (खन्ने काम) सम्पन्न भएको छ ।

**सम्भावित आर्थिक प्रभाव**

सुरूङमार्ग निर्माण पश्चात बाटोको दुरीमा २.३८ कि.मि.ले कमी आउने, काठमाडौ भित्रिन २३ मिनेट र बाहिरिन १४ मिनेट समय बचत हुने तथा सवारी दुर्घटनामा ५० प्रतिशत कमी हुने आँकलन गरिएको छ । यस आयोजनाको निर्माणसँगै हस्तान्तरण हुने प्रविधि तथा सीपले अन्य आयोजना निर्माणमा विज्ञता र आत्मबल बढ्ने देखिन्छ । त्यसैगरी, हाल थानकोटमा हुने अत्याधिक ट्राफिकजाममा कमी आउने देखिन्छ ।

**अन्य सुरुङ मार्गहरुको सूची**

पछिल्लो समयमा सरकारले सुरूङ्गमार्ग निर्माणलाई प्रथमिकतामा राख्दै आएको छ । नागढुँगा सुरूङ्गमार्गका अलवा अन्य स्थानमा समेत सुरूङ्गमार्ग निर्माण गर्ने लक्ष्य रहेको छ । काठमाण्डौको कोटेश्वरदेखि जडिबुटीसम्म, सिद्धबाबा सुरुङ्गमार्ग, लामाबगर लाप्चे, धरान लेउती, महादेबडाँडा, धोन्द्रे, लेनडाँडा, टोखा छहरे गुर्जुभञ्ज्याङ्ग, खुर्कोट नियाबारी, थानकोट चित्लाङ्ग, मझिमटार शक्तिखोर, हेम्जा नयाँपुल, दुम्कीवास वर्दघाट, बबई छिन्चु, कपासे सियाकोट, प्रवाज जोर्ते र विपिनगर खुटिया दिपायलमा सुरूङमार्गहरू निर्माण गर्ने लक्ष्य रहेको छ । उपरोक्त अयोजनाहरूमध्ये धेरैजसो आयोजना प्रारम्भिक अध्ययनको चरणमा रहेका छन् भने केही आयोजनाको प्रारम्भिक अध्ययन सम्पन्न भएको छ ।

## ५.२ पूर्वाधार क्षेत्रका चुनौती र संभावना

### ५.२.१ चुनौती

- समयमा नै भौतिक पूर्वाधारका आयोजनाहरू सम्पन्न गर्न चुनौती रहदैं आएको ।
- मेलम्ची खानेपानी आयोजनाको भौतिक संरचना बाढीबाट क्षतिग्रस्त भएकोले मेलम्ची आयोजनालाई पुन संचालनमा ल्याउनु चुनौतीपूर्ण रहेको ।
- सिन्धुपाल्चोकको मेलम्चीमा गएको बाढी पहिरोबाट घर लगायत अन्य भौतिक संरचनामा क्षति पुगेको कारण त्यसको पुनरनिर्माण गर्नु चुनौतीपूर्ण रहेको ।
- यस प्रदेशमा समेत पुँजीगत खर्च गर्न नसकिने प्रवृत्ति देखिएकोले पुँजीगत खर्च बढाई आयोजनाहरू निर्धारित समय र लागतमा सम्पन्न गर्नु चुनौतीपूर्ण रहेको ।
- निर्माणाधिन आयोजनाहरूलाई निर्धारित समय र लागतमा गुणस्तरसहित सम्पन्न गरी आयोजनाहरूलाई आर्थिक रुपले सम्भाव्य बनाउनु ।
- पूर्वाधार आयोजनाहरुको योजना निर्माण, सोको कार्यान्वयन र लाभ बाँडफाँट जस्ता सवालहरूमा सरोकारवाला निकायबीच प्रभावकारी समन्वय गर्नु ।
- मुआब्जा, जग्गा अधिग्रहण, राइट अफ वे, पुनर्वास आदि परियोजनाका पूर्व तयारीसँग सम्वन्धित विषयहरू सम्वोधन गरी स्थानीय अवरोध हटाउनु ।
- पूर्वाधार परियोजनाहरुलाई समयमा नै सम्पन्न गर्न प्रभावकारी नियन्त्रण तथा अनुगमन गर्नु र परियोजनाका अधिकारीहरूलाई आयोजनाको कार्यान्वयन प्रगतिप्रति जवाफदेही बनाउनु ।
- सम्पन्न भई प्रयोगमा रहेका पूर्वाधार आयोजनाहरुको गुणस्तर कायम राख्न यस्ता आयोजनाहरुको मर्मत सम्भार योजना बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।
- पूर्वाधार आयोजनाहरुमा आवश्यक कामदार र विशेषज्ञहरूको उपलब्धता सुनिश्चित गर्नु ।

### ५.२.१ सम्भावना

- २०० मेगावाटभन्दा माथिका जलविद्युत आयोजनाले व्यापारिक कारोवार शुरु गरेको १५ वर्षसम्म पुरै र त्यसपछिको छ वर्षसम्म ५० प्रतिशत आयकर छुट दिने तथा त्यस्ता आयोजनालाई आवश्यक निर्माण उपकरणको भन्सार महशुलमा समेत छुट दिने चालु वर्षको बजेटको व्यवस्थाले जलविद्युत उत्पादनमा निजी क्षेत्रको आकर्षण बढ्ने सम्भावना रहेको ।
- श्रम समुह वा श्रम सहकारीमार्फत युवाहरुलाई संगठित गरी १० करोड सम्मको लागतको अयोजनामा आपसी प्रतिस्पर्धामार्फत सहभागी हुन पाउने व्यवस्थाले निर्माण क्षेत्रमा तीब्रता आउने सम्भावना रहेको ।
- मुलुकको ठूला र प्रमुख शहरहरु यस प्रदेशमा अवस्थित रहेकोले रेल, मोनो रेल, ट्राम, केवलकार जस्ता आधुनिक पूर्वाधार आयोजनाहरुको आर्थिक तथा वित्तीय सम्भावना उच्च रहेको ।
- संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तहहरुमा जिम्मेवारी र अधिकार बाँडफाँट भएकोले आयोजना कार्यान्वयन, अनुगमन तथा नियन्त्रण गर्ने क्षमतामा अभिवृद्धि आई पूर्वाधार विकासले गति लिने सम्भावना रहेको ।
- सरकारको दीर्घकालीन सोचमा पूर्वाधार विकास, विस्तार र यसको सुदृढीकरणले उच्च प्राथमिकता पाएको र विभिन्न साझेदारहरुले पनि प्राथमिकतामा राखेकोले पूर्वाधार बिकासले गति लिने सम्भावना रहेको ।
- ठूला लगानीका पूर्वाधार आयोजनाहरु निजी-सार्वजनिक साझेदारीमा निर्माण गर्न आवश्यक कानुनी तथा नीतिगत व्यवस्था भएको र वित्तीय सम्भाव्यता नभएका तर अधिक सामाजिक लाभ प्राप्त हुने निजी-सार्वजनिक परियोजनाहरुमा सरकारले नपुग रकम लगानी (Viability Gap Funding) गर्ने व्यवस्थाले यसतर्फ निजी लगानी प्रवर्द्धन हुने सम्भावना रहेको ।
- सिमेन्ट उत्पादनमा देश आत्मनिर्भरतातर्फ उन्मुख भएकोले पूर्वाधार निर्माण लागत घट्ने सम्भावना रहेको ।
- जलविद्युत उत्पादनको लागि उपयुक्त भौगोलिक अवस्थिति र जलस्रोतको उपलब्धता रहेको ।

## ५.३ रोजगारी

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २०७८ असारसम्म कुल ७ लाख ५२ हजार ४ सय ६८ जना सूचीकृत बेरोजगारीमध्ये यस प्रदेशबाट ९८ हजार ७ सय ८६ जना रोजगारको लागि सूचीकृत रहेका छन् (तालिका ५.२ ) । प्रधानमन्त्री रोजगार कायैक्रम अनतर्गत २७०७ आयोजनाहरू सञ्चालनमा रहेका छन् । यस कार्यक्रम अन्तर्गतका आयोजनाहरू, रोजगारी जस्ता जिल्लागत विवरणहरू तालिका ५.३ मा उल्लेख गरिएको छ ।

**तालिका ५.२: प्रधानमन्त्री रोजगार कार्यक्रम**

| | सूचिकृत बेरोजगार | | | रोजगारीमा खटिएका संख्या | जम्मा रोजगारी दिन | आयोजना संख्या |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | | | |
| बागमती | ४१,९२८ | ५६,८५८ | ९८,७८६ | २५,०६९ | १,८१६,४३० | २,७०७ |
| जम्मा | ३,१८,०४३ | ४,३३,६७२ | ७,५२,४६८ | १,७२,४९१ | १३,११७,१५८ | १६,५४३ |

*स्रोत : प्रधानमन्त्री रोजगार कार्यक्रम*

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७७/७८ मा सिन्धुली जिल्लामा सबैभन्दा बढी (५६८ वटा) र रसुवा जिल्लामा सबैभन्दा कम (२९ वटा) आयोजनाहरू रहेका थिए । त्यसैगरी, आ.व. २०७७/७८ मा दोलखा जिल्लाका युवाहरूले सबैभन्दा बढी रोजगारी प्राप्त गरेको देखिन्छ भने कुल सूचीकृत बेरोजगारको सङ्ख्या सबैभन्दा बढी सिन्धुली जिल्लामा रहेको छ (तालिका ५.२) ।

**तालिका ५.३: जिल्लागत रोजगारीको विवरण**

| जिल्ला | आयोजना संख्या | रोजगारी लक्ष्य ( जना) | सुचिकृत बेरोजगार संख्या | कुल रोजगारी प्राप्त संख्या | कुल रोजगारी दिन |
|---|---|---|---|---|---|
| दोलखा | २३० | ३४९१ | १४८४४ | ३६०३ | ३१७११७ |
| सिन्धुपाल्चोक | ३१८ | ३८१२ | १५३९० | ३३७८ | ३११४३२ |
| रसुवा | २९ | ६११ | १२२९ | ३९९ | ३८१९५ |
| धादिङ | ३३५ | २८६७ | ९७२६ | २३६१ | १६४५९५ |
| नुवाकोट | २९४ | २५९८ | ८८९१ | २५३४ | १९३५६९.५ |
| काठमाडौं | ४९ | १४८८ | ३१८७ | ५६२ | ३५३४८.५ |
| भक्तपुर | ३० | ७८९ | २५०१ | ४९८ | २७८११ |
| ललितपुर | ६६ | ९७९ | २६४९ | ७३६ | ५७४९१.५ |
| काभ्रेपलाञ्चोक | ३७२ | २८०४ | ९४३८ | २९५८ | १७९७५२ |
| रामेछाप | १३७ | १५७२ | ४९८१ | २१७६ | ११५९४२.५ |
| सिन्धुली | ५६८ | ३८४७ | १७२४७ | ३२८० | २३४५५२.५ |
| मकवानपुर | २३१ | २०२९ | ६५६३ | १९१९ | १०६०४३.५ |
| चितवन | ४८ | ९६२ | २१४० | ६६५ | ३४५८१ |

*स्रोत : प्रधानमन्त्री रोजगार कार्यक्रम*

## ५.४ रोजगारीका चुनौती र सम्भावना

### ५.४.१ चुनौती

- कोभिडका कारण होटल पर्यटन, निर्माण क्षेत्र, व्यवसाय लगायतका क्षेत्रमा रोजगारी गुमाएका दैनिक ज्यालादारी मजदुरलाई पुन रोजगारी सृजना गरी सुरक्षाको दायरामा ल्याएर न्युनतम सेवा सुविधा प्रदान गर्नु चुनौतीपूर्ण रहेको छ ।
- एकातर्फ निमार्ण क्षेत्रमा प्राविधिक कमदारको कमी रहनाले भारत, चीन लगायतका मुलुकबाट कामदार ल्याउनुपर्ने र अर्को तर्फ देशमा रोजगारीको अवसर नपाई विदेश जानु पर्ने अवस्थाको अन्त्य गर्न रोजगारमुलक कार्यक्रमको प्रभावकारिता बढाउने साथै समयसापेक्ष प्रविधिक शिक्षा प्रणालीको विकास गर्नु चुनौतीपूर्ण रहेको छ । श्रमको सम्मान गर्ने सस्कृती विकास गर्नु पनि चुनौतीपूर्ण रहेको छ ।
- विश्वव्यापी रुपमा देखा परेको जलवायु परिवर्तनले गर्दा कृषिजन्य उत्पादनमा नकारात्मक असर परेको छ । जसका कारण कृषि क्षेत्रमा कार्यरत जनशक्ति अन्य क्षेत्र तिर आकर्षित भएको देखिन्छ । यस प्रदेशमा कृषि क्षेत्रमा संलग्न जनशक्तिको घट्दो रुचि सँगै गैरकृषि क्षेत्रमा रोजगारी सृजना गर्नु चुनौतीपूर्ण रहेको छ ।

### ५.४.२ सम्भावना

- अन्य प्रदेशको तुलनामा यस प्रदेशमा वित्तीय पहुँच बढी रहेकोले बैंकहरुले प्रदान गर्ने सहुलियतपूर्ण कर्जा, विपन्न वर्ग कर्जा, युवा स्वरोजगार कर्जा, परियोजना धितो कर्जा लगायतका कर्जाहरु लिई स्वरोजगार मुलक काम गर्न सकिने सम्भावना बढी रहेको छ ।
- काठमाडौं, चितवन लगायतका ठूला बजारमा खुद्रा व्यापार, fast food, rider service, online delivery लगायतका व्यापार फस्टाएको सन्दर्भमा साना लगानीमा स्वरोजगार हुने र यी क्षेत्रमा रोजगारी प्राप्त गर्ने सम्भावना रहेको छ ।
- बागमती प्रदेशमा बढी मात्रामा रहेका प्राविधिक अनुकूल कम्पनीहरुमा रोजगारीको अवसर सिर्जना गर्न सकिने उच्च सम्भावना रहेको छ ।

# परिच्छेद ६: आर्थिक परिदृष्य

विश्वव्यापी रूपमा फैलिएको कोभिड–१९ को प्रभाव कम हुदै गएको र कोभिड–१९ विरुद्धको खोप कार्यक्रम बढ्दै गएको अवस्थामा यस प्रदेशको अर्थतन्त्रमा क्रमिक रूपमा सुधार आएको देखिन्छ । स्थलगत सर्वेक्षणको क्रममा प्रदेशका कृषि विज्ञ, पशुपंक्षी विज्ञ, मालपोत कार्यालय प्रमुख, यातायात व्यवस्था कार्यालयका कार्यालय प्रमुख, डिभिजन वन प्रमुख, उद्योगी व्यवसायी तथा अन्य सरोकारवालाहरुले आर्थिक परिदृश्य सम्बन्धी प्रश्नावलीमार्फत व्यक्त गरेका विचार तथा जानकारीका आधारमा विश्लेषण गर्दा प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको गतिविधि आगामी महिनाहरुमा थप बढ्दै जाने अनुमान गरिएको छ ।

## ६.१ कृषि क्षेत्र

अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्रहरूबाट प्राप्त तथ्याङ्क तथा प्रारम्भिक अनुमान अनुसार आ.व. २०७८/७९ मा कृषि उत्पादनमा वृद्धि आउने प्रक्षेपण गरिएको छ । समग्र कृषि बाली उत्पादन २.४४ प्रतिशतले बढ्ने प्रक्षेपण गरिएको छ ।

पर्याप्त वर्षा भएको, मलखादको उपलब्धता, बीउबिजन सहजै रुपमा आपूर्ति गर्न सकिने भएकोले धान उत्पादनमा करिब ०.६८ प्रतिशत वृद्धि हुने प्रक्षेपण गरिएको छ । तथापि, पछिल्लो बाढीका कारण तराईका कतिपय स्थानमा धान बालीमा क्षति पुगेको छ । बागमती प्रदेश अन्तर्गत रहेका कृषि ज्ञान केन्द्रहरूका अनुसार धान बाली लाउने भू–भागमा धेरै जसो तरकारी खेती हुन थालेकोले तरकारी उत्पादन १.७५ प्रतिशतले बढ्ने प्रक्षेपण गरिएको छ ।

त्यसैगरी, अध्ययन क्षेत्रका भेटेरिनेरी अस्पताल तथा पशु सेवा कार्यालयहरूका अनुसार मासुको माग बढेको कारण युवा वर्ग पशुपालन व्यवसायमा आकर्षित भएको देखिन्छ । यी कार्यालयहरूको प्रारम्भिक अनुमान अनुसार दूध उत्पादन ०.५६ प्रतिशत, मासु उत्पादन ०.८५ प्रतिशत र अण्डा उत्पादन ०.५८ प्रतिशतको हाराहारीमा वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

## ६.२ औद्योगिक क्षेत्र

कोभिड-१९ महामारीको प्रभाव कम हुँदै गएको र देशभरी खोप अभियान सुरु भएसँगै कोभिड–१९ को कारणले बन्द भएका उद्योग, व्यवसायहरु पुनः रुपमा सञ्चालनमा आएका छन् । बन्दाबन्दी खुले लगत्तै उद्योग व्यवसाय र औद्योगिक उत्पादन पनि बढ्ने अनुमान गरिएको छ ।

## ६.३ सेवा क्षेत्र

कोभिड-१९ महामारीमा अत्यन्तै प्रभावित सेवा क्षेत्र अब चलायमान हुन थालेको छ । बन्द रहेका आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई सेवा, शैक्षिक क्षेत्र तथा होटलहरू र निर्माणाधिन होटलहरु समेत सञ्चालनमा आएका छन् । स्वास्थ्य सेवामा अझै विस्तार हुने र कोभिड–१९ जस्ता महामारीसँग जुध्न कोभिड अस्पताल र अन्य स्वास्थ्य पूर्वाधारहरूको स्थापना हुने प्रक्षेपण गरिएको छ । पर्यटन क्षेत्र पनि पुनरुत्थानतर्फ जाने अनुमान गरिएको छ ।

## ६.४ पूर्वाधार क्षेत्र

माथिल्लो तामाकोशी जलविद्युत आयोजना सम्पन्न भएको छ । निजी क्षेत्रबाट निर्माणधिन जलविद्युत आयोजना, विद्युत प्रसारण लाइन निर्माण, सुरूङ्गमार्ग निर्माण जस्ता केही महत्वपूर्ण पूर्वाधार आयोजनाहरुका कामहरूले पनि गति लिन थालेको स्थिति छ । मेलम्चीको बाढीले गरेको क्षतिले गर्दा पूर्वाधार क्षेत्रमा लगानी वृद्धि हुने अनुमान गरिएको छ ।